# सिकाली मन्दिरको सांस्कृतिक अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत

नेपाली इतिहास संस्कृति तथा पुरातत्व विषयमा

स्नातकोत्तर उपाधिको आंशिक

परिपूर्तिको निमित्त प्रस्तुत

**शोधपत्र**


शोधकर्ता

**निकेश महर्जन खेमानन्द**

रोल नं : २

त्रि.वि दर्ता नं ६-२-००२२-०५०४-२०१५

**नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**



२०७९

# शोध निर्देशकको सिफारिस पत्र

श्री निकेश महर्जन खेमानन्दले त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय अन्तर्गत **नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग**मा स्नातकोत्तर तहको उपाधि परिपुर्तिका निमित्त ***"सिकाली मन्दिरको सांस्कृतिक अध्ययन"*** शीर्षकको शोधप्रबन्ध, मेरो निर्देशनमा सम्पन्न गरेको हो । उक्तः प्रस्तुत शोधप्रबन्ध स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त आवश्यक मूल्याङ्कनका लागी सिफारिस गर्दछु ।

.....................................

प्रा.डा. पुनम राणा

मितिः २०७९/ /

शोध निर्देशिका

# प्रतिबद्धता पत्र

त्रिभुवन विश्वविद्यालयको नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग बाट स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागी **'सिकाली मन्दिरको सांस्कृतिक अध्ययन'** शीर्षकको शोधप्रबन्ध प्रा.डा. पुनम राणाज्यूको शोध निर्देशनमा तयार पारिएको हो। यो शोधप्रबन्ध मेरो मौलिक लेखन भएको र कुनै पनि उपाधिका लागि अन्य विश्वविद्यालय वा प्राज्ञिक संस्थामा पेस नगरेको घोषणा गर्दछु।

मिति : २०७९/ /

..................................

निकेश महर्जन खेमानन्द

शोधार्थी

## कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास संस्कृति तथा पुरातत्व विषयमा स्नातकोत्तर उपाधिको आंशिक परिपूर्तिको निमित्त प्रस्तुत गरिएको यस शोधपत्रमा विशेष गरी सिकाली मन्दिरको साँस्कृतिक पक्षमा अध्ययन तथा अनुसन्धान गरिएको छु । खोकनाको तल्लो बस्तिमा रहेको यो मन्दिर प्रायः अपरिचित अवस्थामानै रहेको हुनाले यस विषयमा अनुसन्धान गर्न पाउँदा म निकै हर्षित भएको छु ।

यस कार्यलाई सुरु देखी आवश्यकीय मार्ग निर्देशन दिनु हुने संस्कृती विभागका तत्कालीन विभागीय प्रमुख प्रा.डा.श्री मदन कुमार रिमालज्यू तथा वर्तमान विभागीय प्रमुख प्रा.डा श्री सोमप्रसाद खतिवडाज्यू द्वयलाई सर्वप्रथम धन्यवाद ज्ञापन गर्न चाहन्छु। यस शोधपत्र सफल पार्नको निम्ति अवश्य मार्ग निर्देशन दिनुहुने शोध निर्देशिका सुश्री डा. पुनम राणाज्यू, शोधपत्रको आन्तरिक तथा बाहिय सुपरिवेक्षकको भुमिका निर्वाह गरिदिनु हुने श्रीमती डा.सावित्री मैनाली तथा श्रीमती डा.निर्मला पोखरेलज्यूहरु द्वयलाई पनि विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु। प्रारम्भिक शोध प्रश्ताव तयार पार्दा अवश्य मार्ग निर्देशन दिनु भई सहयोग गरिदिनु भएकी प्रा.डा.सुश्री माला मल्लज्यू लाई पनि विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

शोधपत्र तयार गर्नु भनेको आफैमा एक चुनौती पूर्ण कार्य हो, यस कार्यमा तथ्याङ्क संकलनको निम्ति विशेष सहयोग गरिदिनु हुने श्री.किरण महर्जन (स्थानीय), श्री.रिशब महर्जनज्यू (स्थानीय), द्वयलाई पनि विशेष धन्यवाद दिन चाहन्छु। स्थानीय निकाय, खोकना वडा नं २१ का वडा अध्यक्षज्यू तथा कर्मचारीहरु र साथै रुद्रायणी गुठी तथा सिकाली चौर उपभोक्ता विकास समितिका पदाधीकारीहरुलाई पनि, यो शोधपत्र तयार गर्न उपयुक्त वातावरण सृजना गरिदिनु भएकोमा विशेष कृतज्ञता ज्ञापन गर्न चाहन्छु ।

यस शोधपत्र तयार गर्दा अक्षर विन्यास (प्रूफ) हेरी सहयोग गरि दिनु भएकी श्रीमती रमना श्रेष्ठज्यू तथा मित्र रविना खड्काज्यू द्वयलाई र हरेक पलमा हौशला प्रदान गरीदिनु भएका प्रत्यक्ष, अप्रत्यक्ष सबै लाई र विशेषतः गुरु भिक्षु सोभित महास्थविरज्यू, बुबा श्री उपेन्द्र महर्जनज्यू, आमा श्रीमती, ज्ञानी महर्जनज्यू तथा भाई श्री निश्चल महर्जनज्यू हरुलाई पनि अन्ततः विशेष धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

मितिः २०७९/ /

निकेश महर्जन खेमानन्द

# शोधसार

*'सिकाली मन्दिरको सांस्कृतिक अध्ययन'* भन्ने शीर्षकमा गरिएको यस अध्ययन, नेपालको कला वास्तुकला, प्राचीन संरचना तथा प्रमुख जात्रा पर्वहरुको विषयमा अध्ययन गरी सरल भाषामा प्रस्तुत गरिएको छ ।

नेपालमा कला र वास्तुकलाको महत्व ज्यादै रहेको छ। यस विषयमा राज्यको तथा गैरसरकारी संस्थाहरुले पनि वर्षेनी ठुलै लगानीहरु गरिरहेको पाईन्छ । नेपाललाई विश्व सामु चिनाउँने एक माध्यम कला र वास्तुकला पनि हो । यस सिकाली मन्दिरको पनि भौतिक संरचना कला तथा वास्तुकलालाई पनि विशेष रुपमा वर्णन गरिएको छ । सरल रुपमा रहेका कला संस्कृति लाई एक-एक गरी अध्ययन गरिएको छ ।

सिकाली मन्दिरको वरपर भू-भागमा पनि यत्रतत्र रुपमा बेवारिश रुपमा रहेको लगभग १०० वर्षको इतिहास बोकेको पुरातात्विक वस्तुहरुको सहि नाँपजाँच यहि शोधपत्रमा अध्ययन गरिएको छ। सो वस्तुहरुलाई यथा स्थानमानै कायम रहने गरि, कुनै नोक्सानी नहुने गरी तथ्याङ्कहरु संकलन गरीएको छ। हरेक बस्तुहरुको फोटोग्राफी गर्दा पुरातत्वमा मान्यता रहेको अनुसार स्केलको उपयोग गरी फोटो हरु संकलन गरि विधिवत रुपमा तथ्याङ्कहरु समेटिएको छ ।

काठमाडौं उपत्यका, भन्ने बित्तिकै मनमा चित्रण हुने भनेकोनै, नेवार समुदाय र उनीहरुले मनाउँने जात्रापर्वहरु हुन् । यो जात्रापर्व ठुला, बडाले र राज्यले समेत भाग लिने र हातेमालो गर्ने हुनाले, आजको २१ औं शताब्धि सम्मपनि निरन्तरता कायमै रहेको देख्न सकिन्छ । जात्राहरु मध्ये पनि सिकाली मन्दिरको जात्रा विशेष रहेको छ, किनकी बडा दशैंनै नमानी आफ्नै जात्रामा मात्र सिमित हुनु हो । यो बस्ति विशेषतः दुई तरिकाले चिन्ने गर्दछन् । एक दशैं नमान्ने बस्ति र अर्को दशैको बेला आ-आफ्नै ढङ्गले चाडपर्व मनाउनु हो । यी विभिन्न अवसर लाई समेटी जात्राको समयमा मनाउने पुजा विधि तथा कर्मकाण्डहरुलाई समेटी विस्तृत रुपमा वर्णन गरिएको छ । अन्ततः यस शोधप्रबन्धको मुख्य उदेश्य तथा निष्कर्षनै सिकाली मन्दिरको साँस्कृतिक पक्षलाई एक कदम अघि सार्नु हो ।

# विषय सुचि

शोध निर्देशकको सिफारिस पत्र — क
प्रतिबद्धता पत्र — ख
कृतज्ञता ज्ञापन — ग
शोधसार — घ
विषय सुचि — ङ
शब्दावली — ज

## अध्याय- एक

## अनुसन्धानको परिचय

१.१ परिचय — १
१.२ समस्या कथन — २
१.३ अध्ययनको उदेश्यः — २
१.४ अध्ययनको औचित्य — ३
१.५ अध्ययनको सिमा — ३
१.६ अध्ययनको अवधारणागत कार्यस्वरुपः — ४
१.७ अनुसन्धान पद्धति — ६
१.७.१ प्राथमिक स्रोतः — ६
१.७.१.१ अवलोकन तथा अन्वेषण — ६
१.७.१.२ अन्तर्वार्ताः- — ६
१.७.१.३ प्रश्नावलीः- — ७
१.७.१.४ सामुहिक छलफलः- — ७
१.७.२ द्वितीयक स्रोतः- — ७
१.८ अनुसन्धानको ढाँचा — ८
१.९ पूर्व साहित्य समिक्षा — ९
१.१० अध्याय विभाजन — ११

## अध्याय- दुई

### सिकाली मन्दिरको कला र वास्तुकला


२.१.१. परिचय १३

२.२.१. सिकाली पीठको कला १४

२.२.२ देगुद्यःको कला १५

२.२.३ तोरणको कला १७

२.३.१. सिकाली मन्दिरको वास्तुकला १९

(क) टुँडालको वास्तुकला २०

(ख) प्रदक्षिणा पथ २१


## अध्याय- तीन

### कुदेशको प्राचीन अवशेषहरु


३.१. विषय परिचय २३

३.१.१ चिबा (चैत्य) २४

३.१.२ गुलः गुलः पौं: २८

३.१.२.१. बस्ति अवशेष २८

३.१.२.२ कैफट द्यः (रुद्रायणी स्थापना गर्ने आशन) २९

३.१.३ जन्माः द्वार ३०

३.१.४ ईनार ३१

३.१.५. पिन्गः मन्दिर ३३


## अध्याय- चार

सिकालीमा मनाइने प्रमुख जात्रापर्वहरु


४.१. परिचय ३५

४.२ धःज्याः जात्रा ३७

४.३. मूःज्याः जात्रा ४१

४.३.१ द्यः (देवता) ४६

## अध्याय- पाँच

निष्कर्ष र सुझावहरु

५.१ सारसंक्षेप ४८

५.२. उपलब्धि ४९

५.३ सुझावहरु ५०

**अनुसूची - एक** ५२

अनुसन्धानको क्रममा सोधिएका प्रश्नावली

**अनुसूची - दुई** ५३

अन्तर्वार्तामा सोधिएका प्रश्नहरु

**अनुसूची - तीन** ५४

प्रश्नावलीमा सहभागी भएका व्यक्तिहरुको विवरण

**अनुसूची - चार** ५५

अन्तर्वार्तामा सहभागी भएका व्यक्तिहरुको विवरण

**अनुसूची - पाँच** ५६

सामुहिक छलफलमा सहभागी भएका व्यक्तिहरुको विवरण

सन्दर्भग्रन्थ सूचि ५८

# शब्दावली

ईनाभा - गुठिका सामान्य पात्र ।

क्वे लाछी - तल्लो चोक ।

चुकु - चुकुल ।

छोएलाः बू - जात्रा सुभारम्भको प्रतिकको रुपमा भोजखाने, भैंसिको मासुको विशेष परिकार

डबु - कुनै अवसरमा भजन नृत्य देखाईन्छ र देवता स्थापना गर्ने ठाउँ ।

ढली - पुरानो घरको छाना तथा कोठामा प्रयोग गरिने मुख्य काठ । (दलीन)

त्वाना सिं -टुँडाल ।

धिमेबाजा - नेवारी पारम्परिक रुपमा बजाईने बाजा ।

द्यः - देवता ।

द्यः पालाः - देवता लाई निश्चित समयावधि सम्म सेवा सत्कार गर्ने व्यक्ति ।

नासःद्य - नटराज ।

मंका खलः - नेवारी टोलको विशेष समूह ।

मूः ईनाभा - गुठीका विशेष पात्र ।

समय् बजी - नेवारी बस्तिमा विशेष जात्रापर्वमा प्रसादको रुपमा वनाईने परिकार । मासु, गेडागुडी, भट्मास तथा अदुवा इत्यादि

# अध्याय- एक

# अनुसन्धानको परिचय

## १.१ परिचय

काठमाडौं उपत्यका भित्र ललितपुर जिल्ला अन्तर्गत, ल.पु महानगरपालिका, खोकना वडा नं २१, मा सिकाली मन्दिर पर्दछ। उक्त मन्दिर हिन्दुहरुको आस्था संग सम्बन्धित रहेको थलो हो। बौद्धमार्गीहरुले पनि यस स्थललाई शिखी बुद्ध संगको इतिहास जोडिएको पाईन्छ। यस मन्दिर क्षेत्रको नैऋत्य दिशाको बाग्मती नदि वारिको भागमा भने कृषि योग्य जमिन रहेको छ र साथै केहि भू-भागहरुमा प्राचिन भग्न अवशेषहरु यत्र तत्र रहेको देखिन्छ।

यस सिकाली मन्दिरको संरचना, मल्लकालीन तल्ले शैलीमा निर्माण गरिएको पाईन्छ। भित्री (पीठ) निक्कै प्राचीन रहेको देखिन्छ। यो मन्दिरमा मूल देवताको रुपमा पीठलाई पुजा गर्ने परम्परा रहेको छ। यहाँ श्री काली देवीको उपासना समेत गरिन्छ। बौद्ध धर्ममा आस्था राख्ने व्यक्तिहरुका अनुसार सो पीठमा सिखी बुद्ध काठमाडौं उपत्यका भित्र धर्म उपदेश दिन आउदा आसनको रुपमा प्रयोग गर्नु भएको र २५ जना कुमार केटाहरुलाई दिक्षा समेत दिएर जानु भएको भन्ने जन विश्वास रहेको छ। यो ठाउँमा विशेष गरी रक्षाबन्धनको पुर्णिमा देखि *धःज्याः* र दशैंको घटस्थापनाको दिन देखि *मुःज्याः* जात्राहरु उल्लेख्य रुपमा मनाउँने गर्दछन्। सो जात्राहरु प्रायः जस्तो हिन्दु धर्ममा नै आधारित रही मनाउने देखिन्छ। यहाँ शाक्त सम्प्रदायको पुजा उपासना समेत हुने गरिन्छ। यहाँ बर्षेनि मनाईने जात्राहरुमा खोकनाका नेवार समुदायहरुको बाक्लो उपस्थिति देखिन्छ। तान्त्रिक गतिविधि बाट पूजाआजा गर्ने र बलि दिने कार्य तथा परम्परा रहेको छ। विशेषतः यहाँ मुकुण्डो धारण गरी, अष्टमातृकाको प्रतिकको रुपमा नृत्य गर्ने र दसैं चाड नमनाएता पनि दसैं चाँडको प्रतिकात्मक रुपमा दैत्यको वंध स्वरुपमा बलि दिने पनि गरिन्छ। यो नाच आज-भोलि यहाँको पहिचान समेत बनि सकेको छ। सो मन्दिरको वर-पर प्राचिन भग्नावशेषहरु पनि रहेको देखिन्छ। जुन् भग्नावशेषहरु उत्तर-मध्यकालको हुनु पर्ने अनुमान रहेको छ। सो स्थानमा पहिले बस्ति रहेको र पछि केहि विपदका कारणले गर्दा बस्ति

उजाड भएको र पछि खोकनाको उपल्लो ठाउँमा बस्ति बसाल्न लगेको भन्ने कथन पनि रहेको छ ।

## १.२ समस्या कथन

सिकाली मन्दिरसंग सम्बन्धित संस्कृतिहरुको विषयमा विभिन्न समस्याहरु रहेका छन्, जुन समस्या रहेका विषयहरुलाई समेटिएर शोधपत्र तयार गरिएको छ। सिकाली मन्दिर संग सम्बन्धित विषयहरुमा रहेका समस्याहरु निम्न प्रकारका छन्,

- सिकाली मन्दिरको वास्तुकला र धार्मिक जात्राहरुको विषयमा अध्ययन तथा अनुसन्धानहरु प्रयाप्त मात्रामा नहुनु ।
- सिकाली मन्दिरको कला र वास्तुकलाको विषयमा अध्ययन नहुनु ।
- सिकाली मन्दिर क्षेत्र नजिक रहेका प्राचिन भग्न संरचनाहरु यत्र तत्र रहेको देख्न सकिन्छ । जुन् वस्तुको पहिचान र सिकाली मन्दिर संग कुन किसिमका सम्बन्धहरु राख्दछन् भन्ने बारेमा अध्ययन नहुनु ।
- यस ठाउँमा मनाइने प्रमुख जात्रा पर्वहरुको विषयमा अध्ययन नहुनु ।

यस शोधपत्रमा उक्त विषयहरुको समस्यालाई समेटि थप अध्ययन अनुसन्धान गरी सोधपत्र तयार पारिएको छ ।

## १.३ अध्ययनको उद्देश्यः

सिकाली मन्दिरको कला, वास्तुकला तथा मन्दिरको वरपर रहेका प्राचिन अवशेषहरु र त्यस सम्बन्धि स्थानीयहरुको भनाईलाई समेटिएको छ। यहाँ मनाईने धार्मिक गतिविधिहरुको विषयमा पनि अध्ययन गरिएको छ। जुन् निम्न प्रकारमा अध्ययन, अनुसन्धान भएको छ ।

१. सिकाली मन्दिरको कला र वास्तुकलाको विषयमा प्रकाश पार्ने ।
२. सिकाली मन्दिरको नजिकमा रहेका कुदेश क्षेत्रको प्राचिन भग्नावशेषहरुको अध्ययन सप्रमाण प्रस्तुत गर्ने ।
३. यस मन्दिरमा मनाईने प्रमुख जात्रा पर्वहरुको विषयमा चर्चा गर्ने ।

## १.४ अध्ययनको औचित्य

सिकाली मन्दिरको सांस्कृतिक अध्ययनको औचित्यहरु निम्न प्रकारका छन्,

सिकाली मन्दिरको कला, वास्तुकला र त्यस मन्दिरमा मनाईने जात्रापर्वहरुको विषयमा विस्तृत अनुसन्धान नभएका कारण यस्को अनुसन्धान हुन आवश्यक छ ।


यस मन्दिरको कला र वास्तुकला कस्तो प्रकारको हो र कुन किसिमको मौलिकता झल्काउन्छ, भन्ने बारेमा अध्ययन नभएको हुनाले यो एक औचित्यता रहेको देखिन्छ ।

सिकाली मन्दिरको निकटमा यत्रतत्र छरिएका प्राचिन भग्न संरचनाहरुको अध्ययन तथा सिकाली मन्दिरसंग रहेको सम्बन्धको विषयमा स्थानिय बासिन्दाहरुको तत् स्थल प्रतिको भनाई, विचार, अवधारणाहरुलाई समेटि अध्ययन तथा अनुसन्धान गर्न निकै आवश्यक रहेको देखिन्छ ।

यस मन्दिरसंग सम्बन्धित प्रमुख जात्रा पर्वको बारेमा अध्ययन गरी नयाँ खोज र गरिसकेको खोजलाई बढि प्रमाण जुटाई, यस स्थलको मूर्त, अमूर्त संस्कृतिको अध्ययन तथा अनुसन्धान समयमानै गर्नृपर्ने देखिन्छ ।

## १.५ अध्ययनको सिमा

'सिकाली मन्दिरको सांस्कृतिक अध्ययन'भन्ने शिर्षक अन्तर्गत, ललितपुर महानगरपालिका वडा नं २१ खोकना बस्तिको पश्चिमी उत्तरीय तल्लो भाग रुद्रायणी मन्दिरको निकटका टोलहरु देखि, बागमति नदि वारिको सिमासम्म र त्यस क्षेत्र भित्र पर्ने, कुदेश क्षेत्र तथा सिकाली मन्दिरको अध्ययन गरिएको छ । सो क्षेत्र बाट बाहिरका क्षेत्रहरुको बारेमा भने अध्ययन गरिएको छैन ।





चित्र नं.१: अध्ययन गरिएको क्षेत्रको सिमा ।

अनुसन्धान गरिएको शीर्षकमा आदिवासी, जनजाति र मूल प्रजातिहरुको सामाजिक आर्थिक गतिविधिको विषयमा अध्ययन गरिएको छैन । *'धंज्या:'* र *'मुज्या'* जात्राहरु बाहेक अन्य जात्राहरुको विषयमा अध्ययन गरिएको छैन ।

## १.६ अध्ययनको अवधारणागत कार्यस्वरुप:

यस शोधपत्रमा सिकाली मन्दिरको सांस्कृतिक अध्ययनको विषयगत रुपमा गरिएको अध्ययनको कार्यस्वरुप ।

## अ. अवधारणागत कार्यस्वरुप



## १.७ अनुसन्धान पद्धति

यस शोधपत्रमा गरिएको अध्ययन विशेषतः ऐतिहासिक, धार्मिक तथा प्राचिनताको पक्षमा रही गुणात्मक तथ्याङ्क विश्लेषण (Qualitative Data Analysis ) मा Content Analysis मा आधारित रही सोधपत्र तयार पारिएको छ। सिकाली मन्दिरको वर्तमानको संरचनाको कला र वास्तुकला देखि लिएर प्रचलनमा रही आएको किम्वदन्तिहरु, धार्मिक जात्रापर्व तथा आस्था, भावनाहरुको विषयमा क्रमबद्ध रुपमा प्रस्तुत गरिएको छ। संकलन गरिएको तथ्याङ्कहरु विषयबस्तुको आधारमा आवश्यकता अनुसार वर्णनात्मक रुपमा अध्ययन गरिएको छ। अध्यायको रुपमा शिर्षक तथा उपशिर्षकको रुपमा विभाजन गरी प्रस्तुत गरिएको छ। प्राप्त गर्न सकेका तथ्याङ्कहरुलाई सु-व्यवस्थित ढङ्गले प्रस्तुत गरी शोधपत्र तयार पारिएको छ।

### १.७.१ प्राथमिक स्रोतः

### १.७.१.१ अवलोकन तथा अन्वेषण

अध्ययन, अनुसन्धानको निम्ति स्थलगत अवलोकन निकै महत्वपूर्ण हुन्छ। अध्ययनकर्ता प्रत्यक्षदर्शी हुने हुनाले तथ्याङ्कका प्रमाणहरु थप बलियो हुने गर्दछ। सिकाली मन्दिरको कला र वास्तुकला, यत्र तत्र रुपमा छरिएका प्राचिन भग्न अवशेषहरुको बारेमा र सिकाली मन्दिरको जात्रा पर्वहरुको विषयमा स्थानीय व्यक्तिहरुलाई समन्वय गरी ई.सं २०२२/०२२ सम्म पटक पटक स्थानीय व्यक्तिहरुको सहभागीतामा अवलोकन तथा अन्वेषण गरी तथ्याङ्कहरु संकलन गरी विश्लेषण गरिएको छ।

### १.७.१.२ अन्तर्वार्ताः-

सिकाली मन्दिरको कला, वास्तुकलाहरुको पौराणिकतामा देखिएका नौलो कला संरचनाहरुको विषयमा, जात्राको समयमा पुजा उपासना गरिने विधिहरुका बारेमा र सो क्षेत्रमा रहेका प्राचिन भग्न संरचनाका अवशेषहरुका बारेमा, स्थानीय समुदायहरुमा के कस्ता धारणा रहेको छन्, भन्ने विषयमा स्थानिय समुदायका व्यक्तिहरु तथा सिकाली मन्दिर तथा रुद्रायणी मन्दिर संग निकट सम्बन्ध रहेका व्यक्तिहरु संग अन्तर्वार्ताको आधारमा तथ्याङ्कहरु संकलन गएिको छ।

### १.७.१.३ प्रश्नावली:-

शोधविधिमा प्रश्नावली विशेषतः २ प्रकारको रहन्छन्, खुला प्रश्नावली तथा बन्द प्रश्नावली । उत्तरदाताबाट बढी उत्तर प्राप्तिका लागि र सहजताका साथ उत्तर प्राप्तिका लागि अनुसन्धानकर्ताले उत्तरदातालाई विभिन्न प्रश्नावली वितरण गरी कम लागतमा र समयमा उत्तर प्राप्ति गर्ने गर्दछन् (आचार्य, २०1० पृ.१४४-१४५)। सिकाली मन्दिर तथा त्यस सम्बन्धि जात्रा पर्वहरुको विषयमा पनि स्थानिय व्यक्तिहरु समेटि प्रश्नपत्र (प्रश्नावली) निर्माण गरेर वितरण गरी तथ्याङ्कहरु संकलन गरेको छ । यस कार्यमा खुला प्रश्नावलीहरु प्रयोग गरिएको छ ।

### १.७.१.४ सामुहिक छलफल:-

स्थानीय बृद्ध तथा युवाहरुलाई प्रमुखस्थान दिएर केहि व्यक्तिहरुको उपस्थितिमा सामुहिक रुपमा छलफल गरेर तथ्याङ्कहरु संकलन गरिएको छ ।

शोधपत्र तयार पार्दा जन सहभागीतामा पुरुष सात (७) महिला दुई (२) समस्त नौं (९) संख्याको उपस्थितिमा प्रश्नावली, अन्तर्वार्ता तथा सामुहिक छलफल तयार गरिएको छ । यस शोधपत्रमा प्रश्नावली, अन्तर्वार्ता तथा सामुहिक छलफलको कार्यमा उपस्थित भएका व्यक्तिहरुको विवरण क्रमशः अनुसुची तीन, अनुसुची चार तथा अनुसुची पाँचमा उल्लेख गरिएको छ ।


### १.७.२ द्वितीयक स्रोत:-

यस शोधपत्रमा द्वितीयक स्रोतहरुको रुपमा पुस्तकहरु, र सामाजिक सञ्जालका विभिन्न माध्यमहरुबाट स्रोतहरु संकलन गरि तथ्याङ्कहरु समावेश गरिएको छ । जुन निम्न प्रकारका छन्,

कला तथा वास्तुकला सम्बन्धित थप कारणहरु प्रष्ट पार्नुको निम्ति विभिन्न पुस्तकहरुको अध्ययन गरी समावेश गरिएको छ । स्थानीय तवर बाट गरिएको अध्ययन अनुसन्धानको (अप्रकाशित) प्रतिवेदनलाई मध्यनजर गरी कुदेशमा प्राप्त प्राचिन संरचनाहरुको अध्ययन गरी द्वितीयक स्रोतको रुपमा उपयोग गरिएको छ । जात्रापर्वहरुमा गरिने हरेक कार्यहरु, अवलोकन गर्नु अनुसन्धानकर्ताको दायित्व तथा कर्तव्य हो, तर हरेक

कार्य अवलोकन गर्न सम्भव पनि हुदैन । त्यसैले विशेषत: *धःज्याः* तथा *मूःज्याः* जात्राको विषयमा द्वितीयक स्रोतको रुपमा सामाजिक संजालबाट तथ्याङ्कहरु लिएर शोधपत्रमा समावेश गरिएको छ । भौगोलिक रुपमा सो स्थलको जाँचबुझको लागि स्थलगत सर्वेक्षणको निम्ति र भू-बनावटको नक्शा बुझ्नको निम्ति GoogleMap & Gps प्रविधिको प्रयोग गरेको छ, जुन् कार्य शोधपत्रको फोटोहरु बाट देख्न सकिन्छ ।

## १.८ अनुसन्धानको ढाँचा



## १.९ पूर्व साहित्य समिक्षा

सिकाली मन्दिरको धार्मिक, सांस्कृतिक पक्षहरु संग सम्बन्धित र यस विषयलाई समेटि गरिएको अघिल्लो अध्ययनको समिक्षा निम्न प्रकारका छन् ।

अग्रवालः (ई.सं २०१५) पृ. १-५,काली रौद्र स्वरुपका देवीको रुपमा चिनिन्छन् । महिषासुर, चण्डमुण्ड, रक्तबिज आदि असुरहरुको विनासका लागी देविदेवताहरुको रक्षाका लागि धारण गरिएको शक्ति हो, काली स्वरुप । आदिशक्ति त्रिमुर्तिको रुपमा कालीलाई तेस्रो नं मा राखिएको छ, जहाँ मातेस्वरी दुर्गा र अम्बिका १,२ गरी क्रमशः राखिएको छ । कालीको रौद्र स्वरुप ४ प्रकारमा र सौम्य स्वरुप ८ वटामा हुने वर्णन गरिएको छ । हिन्दु भक्तजनहरुले 'श्री काली' बाट 'सिकाली' नामाकरणहुन पुगेको हो भन्नेमा विश्वास राख्दछन् र काली देवीको वासस्थान रहेको मन्दिरको रुपमा सिकाली मन्दिरलाई पुजा उपासना गर्ने परम्परा पनि रहेको छ । तर यस सिकाली मन्दिरमा कुन स्वरुपको काली देवीको पुजा उपासना हुने गरिन्छ भन्ने विषयमा र यस मन्दिरको बिषयमा, यस ग्रन्थमा चर्चा गरिएको पाईदैन ।

पोखरेलः (ई.सं. २०१९) पृ.४४-४६, नेपालमा शक्ति उपासनाको परम्परा ई.पू दोस्रो शताव्दी देखिनै सुरु भएको पाईन्छ । तत्कालिन अभिलेख तथा नारी मुर्तिहरु बाट यो प्रमाणित हुन्छ । नेपालमा सो समयको प्रभावलेनै पछि आएर अत्याधिक मात्रामा शाक्तधर्मको प्रचलन भएको पाईन्छ । लिच्छवीकालका अभिलेख सहित र रहितका दर्जनौ देविका मूर्तिहरु अझैंसम्म उपत्यकामा यत्रतत्र छरिएर रहेका छन् । यस्को एक नमुना हुन सक्छ, सिकाली मन्दिरको शक्ति पीठ । नेपालमा लिच्छविकाल हुदैं पूर्व मध्यकाल तथा उत्तर मध्यकाल सम्म आउँदा शाक्त धर्मको प्रचलन अत्याधिक मात्रामा विकास भई सकेको पाईन्छ ।

पोखरेलः (ई.सं. २०२१) पृ.९८, दानवरुपी शक्तिलाई विनाश गर्ने सामुहिक रुपमा पुजिने नौवटी देवीहरुको संयुक्त समूह हो नवदुर्गा । आफुहरुले समाधान गर्न नसकेका समस्याहरु सल्टाउन, पराजित गर्न नसकेका दैत्यहरुलाई नष्ट गर्न, आफुहरुमा विशेष शक्ति आर्जन गर्न देवताहरु पनि यिनै दुर्गा देवीलाई आवहान गरी पूजा आराधना गर्ने गरिन्छ । नवदुर्गाको समूहमा ब्रम्हायणी, माहेश्वरी, कुमारी, वैष्णवी, वाराही, ईन्द्रायणी, महाकाली,

महालक्ष्मी र त्रिपुरासुन्दरीलाई लिइन्छ। मल्लकालमा तान्त्रिक सुरक्षाको निम्ति यी नवदुर्गाहरु स्थापना गर्ने गरिन्थ्यो।

पोखरेलः (ई.सं.२०२२)पृ.१४८, वनमा स्थापित गरिएको देवी हुनाले वनकालीको नामले कालीलाई चिन्ने गरिन्छ। यस सिकाली मन्दिर जङ्गलमा रहेको हुनाले सिकाली भन्न पुगेको हुन सक्छ। लिच्छविकालमा बहुलमात्रामा *'सि, सिंकर'* वचनको प्रयोग भएको पाईन्छ। यस्को अर्थ हो *काठ,* अर्थात *काठमा लाग्ने 'कर'* हो। वनमा काठ हुनेत स्वभाविकनै हो, जङ्गलमा रहेकि काली हुनाले सि-काली हुन्दै, सिकाली हुन पुगेको पनि हुन सक्छ।

पौड्याल, शर्मा र पोखरेलः (ई.सं. २०२२) पृ. १०३-१०५, सिकाली जात्रामा, तान्त्रिक विधि बाट वीरभद्र महाकाली स्थापना गरी भैरव जगाउँने र यस बेला अटुट रुपमा बाजा बजाउँने गर्दछन्। प्रत्येक वर्ष दसैंको बेला मनाईने पर्व हो सिकाली जात्रा। कुदेश ( खोकनाको तल्लो बस्ति) बाट उपल्लो खोकनामा बस्तिमा बसाई सर्दा दशैं मनाउँन छोडिएको हो। यस ग्रन्थमा कुदेश बस्ति बाट उपल्लो खोकनामा बस्ति सरेकोले दशैं मनाउन छोडिएको भनि उल्लेख गरिएको छ तर किन पारम्परिक बस्ति छाड्नु परेको थियो भन्ने बारेमा उल्लेख गरिएको पाईदैन।

श्रेष्ठः (ई.सं २०११) पृ. १०-११,नेपालका समस्त जनताहरु दशैं मनाउँदा यहाँका बासिन्दाहरु दशैं मनाउँदैन। दशैको बेला तृतिया देखि षष्ठी सम्म यहाँ सिकाली गणनृत्य जात्रा मनाउँने गर्दछन्। सिकालि जात्राको समयमा पञ्चमीका दिन पचली भैरव जात्रा सकेर खोकनामा पनि आउँछ भन्ने जनविश्वास रहेको छ। कौलाथ्वः तृतिया र गुप्त पूजामा सिकाली अजिमा पीठमा चोखो खोट नभएका रांगा बलि दिने गरिन्छन्, र ती रांगाको रगत कचौरामा राखी विधिपूर्वक पुजा गर्ने गरिन्छ। साथै राँगाको मासु तथा रक्सीलाई पनि पुजा गरी अनुभव गर्ने परम्परा रहेको छ। यस ग्रन्थमा सिकाली जात्राको विषयमा गरिने पुजा विधिहरुको बारेमा संक्षीप्त रुपमा चर्चा गरिएको पाईन्छ तर क्रमबद्ध रुपमा उल्लेख गरिएको पाईदैन। यस अध्ययनले उक्त ग्रन्थमा उल्लेखित पूजा विधिहरु कुन प्रकारको जात्रा अन्तर्गतमा पर्दछन् र क्रमबद्ध रुपमा सम्पन्न गरिने पुजा विधिहरुको बारेमा यहाँ चर्चा गरिएको छ।

श्रेष्ठः (ई.सं २०२१) पृ. १९६-२०६, खोकनाका बासिन्दाहरुले मनाउँने मौलिक जात्रा हो सिकाली जात्रा, यो जात्रालाई रुद्रायणी जात्रा पनि भनिन्छन् । सिकालीलाई रुद्रायणीको प्रतिकको रुपमा मानी आश्विनशुक्ल पञ्चमीका दिन देखि बडो धुमधामका साथ मनाईन्छ। आश्विनशुक्ल सप्तमिका दिन *क्वेः लाछी* स्थित जितापुरको प्राङ्गणमा सिकाली नृत्य प्रारम्भ हुन्छ। यस ग्रन्थमा सिकाली लाई रुद्रायणीको प्रतिकको रुपमा मानिएको पाईन्छ तर कुन आधारमा सिकाली लाई रुद्रायणीको प्रतिक भन्ने गरिएको हो, भन्ने बारेमा उल्लेख गरिएको पाईदैन ।

Tripitaka: (AD 2006) ; PP 192-199,त्रिपिटक अन्तर्गत बुद्धवंशपाली ग्रन्थमा सिखी बुद्ध २३ औं बुद्धको रुपमा वर्णन गरिएको छ। सिखी बुद्ध गौतम बुद्ध झैं मार सेनाहरु लाई विजय गरि सम्यकसम्बोधि प्राप्त गरी धर्मचक्र प्रवर्तन गर्नु भएको भनि उल्लेख गरिएको छ। वहाँले जम्बुद्विप (भारतवर्ष)मा धर्मप्रचारमा नियुक्त भई बहुजन हितको लागि, निर्वाणको मार्ग देखाएको वर्णन छ। यस सिकाली मन्दिरसंग सम्बन्धित कुनै पनि घटनाहरु उल्लेख गरेको पाईदैन। स्थानीय बासिन्दाहरुले सिकाली मन्दिर, सिखी बुद्ध संग सम्बन्ध जोड्न खोजेको पाईन्छ ।

## १.१० अध्याय विभाजन

शोधपत्रको अध्ययन, अनुसन्धानको विषयमा चर्चा गर्दा यसमा रुपरेखा अर्थात ढाँचाको महत्वता निकै रहन्छन्, जस्ले गर्दा आकर्षण, प्रभाव, र शोधपत्रलाई नियन्त्रण गर्ने गरिन्छ। **'सिकाली मन्दिरको सांस्कृतिक अध्ययन'** भन्ने शिर्षकको, शोधपत्र भित्र मुख्यतयाः पाँच अध्यायमा वर्गीकरण गरेको छ। शिर्षक उपशिर्षक अन्तर्गत हुने गरी क्रमबद्ध रुपमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ। जुन निम्न प्रकारको रहेको छ ।

१ अध्यायः शिर्षक, पृष्ठभूमि, समस्या कथन, उदेश्य, औचित्य, पूर्व साहित्य समिक्षा, अध्ययनको सिमा तथा शोधविधि समेटिएको छ ।

२ अध्यायः सिकाली मन्दिरको कला र वास्तुकलाको अध्ययन ।

३ अध्याय: सिकाली मन्दिरको नजिकमा रहेका प्राचीन अवशेषहरुको अध्ययन ।

४ अध्याय: सिकालीमा मनाइने प्रमुख जात्रापर्वहरुको अध्ययन ।

५ अध्याय: अध्ययन अनुसन्धानको अन्त्यमा सारसंक्षेप, उपलब्धि तथा सुझावहरु समावेश गरिएको छ ।

# अध्याय- दुई

## सिकाली मन्दिरको कला र वास्तुकला

### २.१.१ परिचय

मानव प्रजातिले आफ्नो स्वविवेक बुद्धिले सृजना गर्ने निर्माणहरुलाईनै कला र वास्तुकला भन्ने गर्छौं। यो धार्मिक, साँस्कृतिकमा मात्र सिमित नभई सामाजिक पक्षहरुमा पनि उपयुक्त रहने छ। कलालाई समाजको दर्पणको रुपमा वर्णन गरिएको छ। जहाँ मानव सभ्यता र संस्कृतिको पूर्ण व्याख्या यही कलाका माध्यम बाट मात्र गर्न सकिन्छ। कला भन्ने बित्तिकै मूर्तिकला, वास्तुकला तथा चित्रकला लाई सम्झिने गर्छौं। यति मात्र नभई नृत्य, संगीत इत्यादिहरुलाई पनि कलाको नामले नै चिन्ने गर्छौं (खनालः ई.सं.२०१८; पृ.१)।

'श्री' काली बाट सिकाली भएको भन्ने स्थानीयहरुको कहावत रहेको छ। लिच्छविकालमा 'सि' भन्नाले काठलाई बुझ्ने गरिन्छ (दाहलर खतिवडाः ई.सं. २०००; पृ. ९९)। आज पनि नेपालभाषामा काठलाइ 'सि' नै भन्ने गरिन्छ। पशुपतिक्षेत्रको वनकाली मन्दिर, वनमा रहेको काली हुनाले वनकाली हुनपुगेको हो (पोखरेलः सोधपत्र, ई.सं २०२२; पृ.नं १४८) जङ्गलको घेरामा रहेका काली भएको हुनाले स्थानीय भाषमा सिकाली नाम हुन गएको पनि हुनसक्छ। सिकाली मन्दिरको परिसरमा कला र वास्तुकला सहजै देख्न सकिन्छ। जहाँको कला अन्य ठाउँमा भन्दा निकै भिन्न रहेको छ, त्यसैले पनि यहाँ बडी भक्तजन तथा स्वदेशी पर्यटकहरु आकर्षित भएको देख्न सकिन्छ। यस मन्दिरको वरपर पनि स-साना ढुङ्गाहरुलाई देवताको रुप दिएको पाईन्छ। मन्दिरको भित्री भागको मूल पीठमा विभिन्न कला आकृतिहरु कोरिएको देख्न सकिन्छ। यस बाहेक त्यहाँको तोरणमा उत्कीर्ण गरिएको कला निकै विशिष्ट रहेको छ।

वास्तुकलाको रुपमा पनि यो मन्दिर गाउँ बाट अलग गरी बनाएको पाईन्छ। बस्ती बाट पैदल जाँदा ठीक आधा घन्टा जती हिड्नु पर्ने बाटो रहेको छ। गाउँ बाट अलग भएता पनि सिकाली मन्दिर गाउँलेहरुको मनमा निकै नजिक रहेको छ। मल्लकालिन वास्तु शैलीमा बनाएको यस मन्दिर यज्ञहोम गर्न मिल्ने मण्डपाकारमा बनाएको पाईन्छ। मन्दिरको वास्तुकला निकै सरल भएता पनि, यहाँको वास्तुमा भने ठुलो महत्वपूर्ण अर्थ रहेको पाईन्छ।

## २.२.१ सिकाली पीठको कला

सिकाली मन्दिरमा पीठलाई पुजा गर्ने गरिन्छ। यो ठुलो पाषाणको रुपमा रहेको र हल्का बाँया तर्फ ढल्केको स्वरुपमा रहेको छ। यस सिकाली पीठलाई रुद्रायणीको प्रतिकको रुपमा वर्णन गरिएको छ। आश्विनशुक्ल पंचमीको दिन देखि (दशैंको समयमा) रुद्रयणी देवी लाई सिकालीमा ल्याएर पुजा गर्ने चलन रहेको छ (श्रेष्ठः ई.सं.२०२१; पृ.१९६-२०६)। सिकाली पीठ रुद्रायणी देवीको प्रतिकको रुपमा मान्नु को कारण सिकालीको आगम छें *(द्यःछें)* हुनु हो। काली देवीको पीठको रुपमा रहेको उक्त देवतालाई श्री काली तथा महाकाली पनि भन्ने चलन रहेको छ। कालीको नाम धेरै रहेको छ। कालीलाई भारत तथा नेपालमा पनि नवदुर्गा मध्येका एक दुर्गाको रुपमा समावेश गरी पुजा उपासना गर्ने गर्दछन्। भारतमा सप्तमातृकाहरुमा काली र महिषासुरमर्दिनीलाई थपेर लिईन्छ। भक्तपुरमा नवदुर्गाको नृत्यको अवसरमा 'ब्रम्हायणी, माहेश्वरी, कुमारी, वैष्णवी, वाराही, ईन्द्रायणी, महाकाली, महालक्ष्मी र त्रिपुरासुन्दरी'लाई लिईन्छ (पोखरेलः ई.सं.२०२१; पृ.९८)। हिन्दु तथा बौद्ध तान्त्रिक (महायान) दुबैमा महाकाली उपासना गर्ने चलन रहेको छ। लामा धर्ममा रक्षक देवीको रुपमा पुजा गर्ने गरिन्छ भने हिन्दु धर्ममा शिवजीको शक्तिको रुपमा पूजा गर्ने चलन रहेको छ। पार्वतीको रुपमा पनि मान्ने चलन रहेको छ। महाकालीलाई अलग-अलग प्रसङ्गमा बेग्ला बेग्लै नामले पुकार्ने गरिन्छ। प्रतिमाको रुपमा र चित्रको रुपमा, रुप निरुपणगर्नु पर्दा अतिनै रौद्र रुपमा देखाईने चलन रहेको छ। (खतिवडाः ई.सं.२०२२ ;पृ,४५५-४५६)। यहाँको पीठ हिन्दुहरुको नजरमा शक्ति पीठ भन्ने चलन छ। बौद्ध अनुयायीहरुको अनुसार सिखी बुद्ध उपत्यकाको धेन्चो डाडाँमा पाल्नु हुदाँ अहिलेको सिकाली चौर तर्फ अवलोकन गरि त्यहाँ बाट अहिले सिकाली पीठको रुपमा रहेको पाषाणलाई आसनको रुपमा प्रयोग गरि धर्मदेशना गर्नु भई २५ जना कुमार केटाहरुलाई प्रव्रज्या गर्नु भएको र वहाँ पुनः भारत फर्किसकेपछि वहाँको सम्झनामा सो आसन लाई पुजा गर्ने क्रम सुरुभएको र शंखराचार्यको नेपाल आगमनको प्रभावले यहाँ हिन्दु परम्परा अनुसार तान्त्रिक तथा अन्य पूजा उपासना विधि समेत सुरु भएको भन्ने कथन रहेकोछ (छलफलः ई.सं.२०२२)।

यो खस्रो खालको ढुङ्गाको पीठ हो। यस्को अगाडिको तल्लो भागमा दुई तहको पेटी जस्तो रहेको देखिन्छ। यस पीठको बीचमा रातो र पहेलो रङ्ग प्रयोग गरी मौलिक आकृतिहरु

निर्माण गर्ने गरिन्छ, जुन त्रिशूल झैं आकृति हो । यो आकृति नेपालमा किराँतिहरुको पाला देखि प्रचलनमा आएको आकृतिको रुपमा मान्ने चलन छन्, सो समय देखिनै यो आकृतिको चिन्ह कोर्ने परम्परा रहेको भन्ने जन विश्वास रहेको छ । यस्लाई किराँति लिपि भन्ने पनि चलन छन्, यो चिन्ह केवल नेपालको यस बस्तिमा मात्र पाईन्छन्, अन्य ठाउँमा पाईदैन । यस बस्तीका हरेक स्थानमा रहेका मुर्तिहरुमा यो आकृति विशेष पर्वहरुमा कोर्ने तथा रङ्गाउने गर्दछन् (डंगोलःअन्तर्वार्ता; ई.सं.२०२२) । स्थानीयहरुले यस्लाई किराँति लिपिको रुपमा पनि स्वीकार्ने गरिछन् भने हरेक विशेष पर्वको दिनमा उक्त आकृति लाई रङ्गाउने तथा कोर्ने गरिन्छ । यस आकृति सिकालिको पहिचानको रुपमा पनि लिने गरिएको छ ।



चित्र नं.२: सिकाली पीठ

## २.२.२ देगुद्यःको कला

सिकाली मन्दिरमा प्रवेश गर्नु बित्तिकै बायाँ तर्फको भू-सतहमा तोरण सहित प्राचिन मूर्ति रहेको देखिन्छ । यो मुर्ति सिकाली देवतासँग घनिष्ट सम्बन्ध जोडीएको पाईन्छ । हरेक चाडपर्वमा यहाँका बासिन्दाहरु यस देवतालाई पूजा उपासना नगरी, पर्व मनाउँदैनन् ।



चित्र नं.३: देगुद्यः

यस देगुद्यः देवता कालो प्रस्तरमा निर्मित हाल चिन्न अत्यन्त गाह्रो भई सकेको छ। निक्कै खिई सकेको अवस्था छ। यस देवताको ठीक माथि तोरणको आकृति बनाएको पाईन्छ। यहाँ तोरण भन्दा देवता पुरानो देखिन्छ, मूल देवताको प्रतिमा लक्षण के कस्तो छ भन्न कठिन छन् तर झट्ट हेर्दा पलेटी मारी बसेको स्त्री देवीको रुपमा देख्न सकिन्छ। उक्त मुर्तिमा नारी स्वरुप देखाउन बक्षस्थल देखाएको पाइन्छ। अनुहारको आकृति प्रस्ट नभएता पनि अनुहार लाम्चो आकारमा देखाएको पाईन्छ र साथै केश विन्यास पनि देख्न सकिन्छ। मुर्तिको दायाँ पट्टी भने पाद उठाएको जस्तो पनि देख्न सकिन्छ।

मुर्तिको दायाँ र बायाँ तोरणको खम्बा देख्न सकिन्छ भने दुबै ठाउँमा कमलको फूल माथि मकर देखाएको छ। तोरणको बीचमा पखेटा युक्त छेपु राखिएको छ र उक्त सर्पलाई निली राखेको देखाएको छ भने छेपुको मुखको ठिक बिचबाट विन्दु युक्त लहराहरु झरेको जस्तो आकुतिहरु देखाएको पाईन्छ। यस बाहेक यहाँ अग्नि तथा पद्म लहरा पनि देखाएको पाईन्छ। सानो कालो प्रस्तरको फलकमा अत्यन्तै अलंकारको बुट्टायुक्त रुप देखाएको

पाईन्छ। मूल देवतासंगको तुलना गर्दा उक्त तोरण निकै पछि मात्र निर्माण गरी राखिएको देख्न सकिन्छ।

## २.२.३ तोरणको कला

काष्ठकला काठमाडौं उपत्यकाको एक अभिन्न अङ्ग मध्ये एक अंङ्ग हो। नेपाललाई पहिचान दिलाउने कला मध्ये एक कला काष्ठ कला पनि हो। नेपालमा काष्ठ कलाको सुरुवात कहिले देखि भयो भन्न एकिनका साथ भन्न सकिन्न। काठ चाडैं नासवान हुने भएकाले यस्को इतिहास खोतल्न सम्भव छैन, यद्यपी लिच्छवीकालको अभिलेखलाई नियालेर हेर्दा काठको प्रसङ्गहरु अत्याधिक रुपमा उल्लेख भएको पाईन्छ। उदाहरणको रुपमा, हाल राष्ट्रिय संग्रहालयमा राखिएको, पाटनको सुन्धाराको अंशुवर्माको अभिलेख, त्यस अभिलेखको एक पंङ्तीमा "...टुटे फुटेका ईटका अन्तर बाट पसेका न्याउरी मूसा र मुसाका बथानले भताभुङ्ग पारिदिएको ढोकाका खापा झ्यालहरु केही बाँकी नरहेको, काठपातहरु जीर्ण भई सकेको माटिङ (ग्राम) को देवमन्दिर लाई..."काठ सम्बन्धित यसरी उल्लेख गरिएको पाईन्छ। यसबाट बुझ्न सकिन्छकी अंशुवर्माको समय भन्दा अगाडि देखिनै काठबाट कलाकृतिहरु निर्माणभई सकेको (बज्राचार्यः ई.सं.१९७४; पृ.३४०)।


संवत् ५९, भिमार्जनदेव र जिष्णुगुप्तको संयुक्त थानकोटको अभिलेखमा थेन्चोग्रामका जनताले तिर्ने सिंकरको रकम घटाएको भन्ने विवरण दिएको छ (दाहल र खतिवडाः ई.सं.२०००;पृ.९९)। यस्ले प्रष्त हुन्छ, त्यो बेला काष्ठ सम्बन्धि उद्योग नै रहेको। मध्यकालमा यस काष्ठकला सम्बन्धि राजामहाराजा तथा आम जनताहरुले समेत ज्यादै रुचाएको बुझ्न सकिन्छ, यसको प्रमाण आज उपत्यका भित्रका दरबारी क्षेत्रहरु तथा अन्य बस्तिहरुबाट पनि उदाहरणहरु देख्न सकिन्छ। यसरी विगतका समय देखिनै रहि आएको यस कला, आजको दिन सम्म पनि लोकप्रियता उत्तिकै नै बढ्दो छ।

काष्ठकला मध्ये विशेष कलामा एक कला हो, तोरण कला। यसको उदाहरण काठमाडौंको  छुस्याबहाल तथा इटुम्बहालको तोरण लाई लिन सकिन्छ (दाहल र खतिवडाः ई.सं.२०००;पृ.९१०३)। यो प्राचीन तोरणहरु मध्येमा पनि एक विशिष्ट नमुना युक्त कलाको रुपमा लिन सकिन्छ। ससको परिणाम स्वरुप अन्य ठाउँहरुमा पनि पछिल्लो समयमा देख्न सकिएको छ। जस मध्ये एक हो, सिकाली मन्दिरको भित्री तोरण। तोरणले मन्दिरको

पहिचान दिलाउँने कार्य गर्दछन् । मूल देवताको प्रतिरुप तथा बाहनहरु देखाउने गर्दछन् । भक्तजनहरुलाई भित्रको देवता बाहिर बाटै सहजै बोध हुन मदत पुर्याई दिन्छन् । तोरणहरु विभिन्न किसिमका कलाहरुको आकृतिले सजिएको हुन्छन् । बौद्ध तथा हिन्दु मन्दिरहरुमा तोरणहरुको कला उत्तिकै प्रचलनमा रहेको पाईन्छ । बौद्ध तथा हिन्दु धर्म अनुसार तोरणहरुको कलामा केहि फरकपन देख्न पाईन्छन् । कुनै कलाहरु भने एक समानतानै कायम रहेको देख्न पाईन्छ ।

सिकाली मन्दिरको सन्दर्भमा भने तोरण प्रवेशद्वारमा नभई मूल देवताको सिधा माथि मात्र स्थापना गरेको पाइन्छ । यो तोरणको मूल मुकुट धारण गरिएको देवता कमलको आसनमा बसेको र चार वटा हात देखाएको पाईन्छ, जस्मा दुई हातले शस्त्र अस्त्र लिएको अन्य दुई हात अन्जली मुद्रामा रहेको देख्न सकिन्छ । यस देवताको दायाँ र बायाँ तल माथी गरी चारजना परिवार देवताहरु पनि देखाएको पाइन्छ । जुन देवताहरु पनि पद्मासनमा बसेको शस्त्र अस्त्र धारण गरिएको र विभिन्न आभरणहरुले सजिएको देख्न सकिन्छ ।

तोरणको माथिल्लो टुप्पोमा पखेटा फिजाएर बसेका क्षेपु र दायाँ बायाँ गरी शेष नागमा मानव स्वरुपमा देखाएको पाईन्छ । ती नागहरुको नाग बेलीमा क्षेपु बसीरहेको देखाएको पाईन्छ । समस्त तोरणलाई दुबै तर्फ बाट खाँबोको आधारमा अड्‌काएको पाइन्छ । उक्त खामोपनि बुट्टाले सजिएको पाईन्छ ।



चित्र नं. ४:मूल तोरण

## २.३.१ सिकाली मन्दिरको वास्तुकला

वास्तुकलाको दृष्टिकोणले नेपालमा पाईने मन्दिरहरु जम्मा चार प्रकारको रहेको छ। तल्ले शैली, शिखर शैली, गुम्बज (मुगल) तथा राजपुताना शैली तथा मिश्रीत शैली। सिकाली मन्दिरको वास्तुकला तल्ले शैलीमा रहेको छ। यस्लाई विशुद्ध नेपाली शैलीको मन्दिरको रुपमा मान्ने गरिन्छ। 'श्लसर'ले यस तल्ले शैली मन्दिरलाई नेवार शैली मान्नु भएको छ। तल्ले शैलीमा बनाईने मन्दिरको प्रचलन कहिलेबाट सुरु भयो भन्नेमा प्रश्न रहेको छ। यो शैली स्थानीय 'देग्' अथवा 'आगम' देवताहरुका निमित्त मूर्ति राख्न बनाईएका स्थानहरुबाट विकसित भएको एक कला हो (क्षेत्री र रायमाझीई.सं.२००४; पृ.२५३-२५४)।

सिकाली मन्दिर दुई तल्ले मन्दिर हो। यस मन्दिर गोपालकाल बाट स्थापना भएर किराँति, लिच्छवी, मल्लकाल हुदैं अहिले सम्मको अस्तित्वमा आएको भन्ने स्थानीयहरुको विश्वास रहेको छ। सिकाली मन्दिरको वास्तुकलाको कुरागर्दा सिकाली पीठ बुङ्गमती अवस्थित रातो मछिन्द्रनाथ, (बुङ्ग द्यः)को रक्षकको रुपमा रहेको पीठ मध्ये एक पीठको रुपमा लिने गरिन्छ। रातो मछिन्द्रनाथ, (बुङ्ग द्यः) लाई रक्षकको रुपमा चार भैरव र आठ पीठले घेरिएको पाईन्छ (छलफलः ई.सं.२०२२)। भक्तपुरमा राजा आनन्ददेवले (वि.सं.१२०४-१२२४) राजधानी बसाउँदा तान्त्रिक सुरक्षा हेतु राजधानी नगरलाई यन्त्राकाररुपमा नगर भित्र र बाहिर आठ स्थानमा अष्टमातृकाका पीठ एवं देवगृह लगायत नगरको मध्यभागमा त्रिपुरासुन्दरी स्थापना गरेरको पाईन्छ (पोखरेलः ई.सं.२०२१; पृ.९८-९९)। सिकालीमा पहिले पीठ पछि मन्दिरको संरचना निर्माण गरेको पाईन्छ। वर्तमानमा यहाँ दुई तहको छाना रहेको देख्न सकिन्छ। वास्तुकला अनुसार तल्लालाई प्रतिकको रुपमा लिने गरिन्छ, एक तल्ले शिवको प्रतिक, दुई तल्ले अनन्त र ईन्द्रको प्रतिक, तीन तल्ले लाई अनन्त, भाष्कर र शिवको प्रतिक, चार तल्ले अनन्त, शिव, विष्णु र सूर्यको प्रतिक, पाच तल्ले अनन्त, विष्णु, शिव, सूर्य र देवीको प्रतिक (दाहालः ई.सं.२०००; पृ.११४)। सिकाली मन्दिरको सन्दर्भमा दुई तल्ले रहेकोले यस्लाई अनन्त र ईन्द्रको प्रतिकको रुपमा लिन सकिन्छ।

यो मन्दिर काठमाडौं उपत्यका भित्र रहेको अन्य मन्दिरहरुको तुलनामा निकै भिन्नता देख्न सकिन्छ। भौगोलिक रुपमा पनि उक्त मन्दिर खुल्ला चौरमा बस्ति बाट अलगै संरचना बनाएको देख्न सकिन्छ। यस मन्दिर पश्चिम दिशामा अभिमुख हुने गरि विशेषतः

धेन्चो डाँडालाई अभिमुख हुने गरी वास्तुमय रुपमा बनाएको पाईन्छ। मन्दिर घुम्न मिल्ने गरी प्रदक्षीणा पथ निर्माण गरिएको छ। जुन ठाउँमा विभिन्न स-साना प्रस्तरहरु स्थापना गरि त्रिशूल आकृतिका, आकृतिहरु कोरिएको देख्न सकिन्छ। स्थानीय हरुले जस्लाई आ-आफ्नो तरिकाले महत्वता प्रदान गरि पूजा-आजा गर्ने परम्परा आज पनि जिवितनै रहेको छ। वास्तुमय रुपमा उक्त मन्दिर र मन्दिर परिसरको वास्तु कलाहरु निम्न प्रकारमा उल्लेख गर्न सकिन्छ।

## (क) टुँडालको वास्तुकला

टुँडाल मन्दिरको एक अभिन्न अङ्ग मध्ये एक अङ्ग पनि हो। यसले मन्दिरको शोभा बढाउनका साथ मन्दिरको छानाको भार पनि बोकेको हुन्छ। छानालाई भित्ताबाट ठीक ४५$^{o}$ मा ढल्काएको हुन्छ, यस्ले सम्पूर्ण छानाको भार बोक्न सहज पार्दछन्। उक्त टुँडाल चारै तर्फको '*ढली*' संग जोडीएको पाईन्छ। यसले समस्त छानाको भार सन्तुलनमा ल्याउँने गर्दछन्।

*त्वाना सिं* (टुँडाल) र '*ढली*' लाई एक आपसमा बलियो बनाउन जोड्नको लागि '*चुकु*' को प्रयोग गरिएको हुन्छ। यो '*चुकु*' टुडालको तल्लो र माथिल्लो भागमा लगाउँने गर्दछन्। जुन '*चुकु*' काठबाटै निर्मित गरिन्छन् र साथै बलियो काठको चयन गर्दछन् (Wolfgang: AD 2019;P,157-157)।

सिकाली मन्दिरमा पनि माथी उल्लेख गरिएको झैं विधिविधानमा रही टुँडालहरु जडान गरिएको पाईन्छ। यस मन्दिरमा अन्य मन्दिर संग तुलना गर्दा निकै साधारण रुपमामात्र टुँडाल निर्माण गरिएको देखिन्छ। यहाँका टुँडालहरुमा कुनै कलाहरु देखाउन खोजेको पाईदैन। हरेक टुँडालहरु ठीक ४५$^{o}$ मा ढल्काएको छ। दोस्रो छाना पनि रहेको हुदाँ उक्त छानामा पनि साधारण टुँडालहरुनै प्रयोग गरिएको पाईन्छ।



चित्रनं.५: टुँडाल

## (ख) प्रदक्षिणा पथ

भक्तजनहरु देवतालाई श्रद्धाभाव राखी देवताहरुको गुण, मन्त्र इत्यादी जप्ने कार्य गर्ने पथ (मार्ग) लाई प्रदक्षिणा पथ भन्ने गरिन्छ। यो हरेक धर्ममा पनि देख्न सकिन्छ। यो पथमा मुख्य देवताको दर्शन पश्चात देवतालाई दायाँ तर्फ पारेर प्रदक्षिणा गर्ने गरिन्छ। नेपालमा यस्तो पथहरुमा दियो बाल्न मिल्ने गरी दियोहरु राखिएको हुन्छ भने, अन्य ठाउँमा '*माने* 'हरु जडान गर्ने गरिएको पाईन्छ, जस्तै स्वयम्भूको तल्लो प्रदक्षिणा पथ। सिकाली मन्दिरमा पनि यस्तै प्रदक्षिणा पथ निर्माण गरिएको पाईन्छ। यहाँ प्रवेश द्वारको दाँया र बाँया गरी दुई जाना द्वारपालकको रुपमा सिंह राखिएको छ। साथमा दुई ठाउँमा घण्टा पनि जोडीएको पाईन्छ। प्रवेश द्वारको ठीक अगाडि कमलको आकृति र त्यसको अगाडि यज्ञहोम गर्न मिल्ने गरि बनाएको छ। यहाँ यज्ञहोम गर्न मिल्ने ठाउँ दुईवटा रहेको छ। एउटा प्रदक्षिणा पथ भित्र र अर्को बाहिर रहेको छ।



चित्र नं. ६: मन्दिरको प्रदक्षिणा पथ तथा यज्ञमण्डप

बाहिरको यज्ञहोम गर्ने ठाउँ मन्दिरको ठीक दक्षिण भागको पछाडि पट्टी बनाएको पाईन्छ। यहाँ विशेषतः जात्रा पर्वको बेलामा बाखाको शीर राखी होम गर्ने चलन रहेको छ। प्रदक्षिणा पथको उत्तर दिशाको दुई कुनामा लामो ढुङ्गा स्थापना गरिएको छ भने बीचमा स-साना तीन वटा ढुङ्गाहरु स्थापना गरिएको छ। पूर्व दिशाको पश्चिमको बिचमा दुईटा ढुङ्गा स्थापना गरिएको छ। यसको दक्षिणमा पनि स-साना ढुङ्गा हरु दुई कोण र बीचमा गरी स्थापना गरिएको पाईन्छ। हरेक स्थापित ढुङ्गाहरुमा आ-आफ्नै महत्व रहेको पाईन्छ। ती ढुङ्गाहरुमा रातो र पहेलो वर्ण बाट आकृति कोरिने प्रचलन रहेको छ। यो पथको दक्षिणी पूर्वि कोणमा सानो गोलो खाल्टोमा आधा गोलो ढुङ्गा पनि रहेको छ, स्थानीय भाषामा यसलाई *'आजु'* भन्ने गरिन्छ।



चित्र नं. ७: शिला फलकहरु मध्ये एक फलक

# अध्याय- तीन

## कुदेशको प्राचीन अवशेषहरु

### ३.१ विषय परिचय

'क्व' भन्नाले 'तल्लो' भन्ने अर्थ बुझिन्छ, नेपालभाषामा 'द्ये' भन्नाले 'देश' अर्थात स्थानलाई भन्ने चलन छ, 'क्व' शब्द्ध बाटनै 'कु' हुनपुगेको हो, यहाँ (तल्लो) व्यक्तिको कारणले अहिलेको कुदेश बस्ति तहसनहस हुनपुगेको र पछि यो स्थानलाई 'कुद्ये' हुदै 'कुदेश' भन्न पुगेको हो, अहिले यो क्षेत्रमा कुनै पनि पक्किघर देख्न पाईन्दैन, कुदेश क्षेत्र प्राचिन कालमा बाग्मतिको सभ्यतानै रहेको भन्ने जन विश्वास रहेको छ (महर्जन, अन्तर्वार्ता; ई.सं.२०२२) । यो ठाउँ खोकनाको तल्लो भाग र सिकाली मन्दिरको बिचको तल्लो भागमा पर्दछन् । आज भोलि यो क्षेत्रमा खेतिपाति गर्न मात्र उपयोग गरिएको पाईन्छ । सो क्षेत्रको हरेक जमिनि सतहमा अन्वेषण गर्दा त्यहाँ,नदिको किनारामा देख्न पाईने गोल ढुङ्गाहरु प्रसस्त मात्रामा देख्न सकिन्छ ।

पारम्परिक रुपमा खेतिपाति गर्ने व्यक्तिहरु आज भोलि माथिल्लो खोकनामा बस्दछन् । उनिहरुको भनाई अनुसार पहिला सो कुदेशमा आफ्नो बाजे, हजुर बुबाहरुको पुर्ख्यौली घर रहेको, भूत प्रेतहरुको बाधाले गर्दा बस्ति पछि सार्न बाध्य भएको भन्ने कथन रहेको छ (डंगोल: अन्तर्वार्ता; ई.सं.२०२२)। आज भोलि सो बस्तिमा यत्रतत्र पुरानो बस्तुहरु, मुर्तिहरु तथा उत्तर मध्यकालीन लिपिहरु समेत देख्न सकिन्छ ।



चित्र नं. ९: प्राचिन सामग्री

कुदेशमा बस्ति रहेको प्रमाण, सो क्षेत्रमा नियालेर हेर्दा यथेष्ठ प्रमाणहरु फेला पर्दछन् । बस्तिमा रहनसहन गर्न अनुकूल हुने गरी त्यहाँ बिभिन्न संरचनाहरु आज पनि नष्ट भएको अवस्थामा देख्न सकिन्छ । जुन तल क्रमबद्ध रुपमा प्रकाश पारिएको छ ।



चित्र नं. ९: प्राचिन घरहरुको आँगनको अवशेष

## ३.१.१ चिबा (चैत्य)

बौद्ध ग्रन्थ 'सीहलत्थकथामा' थेरवादी सम्प्रदायहरुमा बिहारको रुपमा चाहिने प्रमुख अंगहरु मध्ये प्रमुख अंगहरु चार प्रकारको रहेको बताउँछन् । ती हुन्,

- संघावास (भिक्षु हरु बस्ने कुटी)
- बुद्ध मन्दिर (प्रमुख बुद्धप्रतिमा रहेको कुटी)
- बोधिवृक्ष (पिपलको बोट)
- चैत्य वा स्तूप

चार वटा प्रमुख अंगहरु मध्ये चैत्यको अहम् भूमिका रहेको बौद्ध ग्रन्थहरुमा उल्लेख गरिएको छ । गौतम बुद्ध महापरिनिर्वाण हुन अगाडि वहाँका उपस्थापक भिक्षु आनन्दलाई आमन्त्रण गरि भन्नु भएको थियो, स्तूपा बनाउन केवल चार योग्य व्यक्तिहरु रहेको, तीहरु हुन् ,

**“चत्तारो’ मे आनन्द थूपारहा, कतमे चत्तारो ? तथागतो अरहं सम्मा सम्बुद्धो थूपारहो, पच्चेकसम्बुद्धो थूपारहो, तथागतस्स सावको थूपारहो, राजा चक्कवत्ती थूपारहोती ।”**

“आनन्द, चार पुद्गल अर्थात व्यक्तिहरु छन्, (थूप) स्तूप बनाउँन योग्य, ती चार को को हुन् त? १) तथागत अर्हत सम्यकसम्बुद्ध, २) प्रत्येक सम्बुद्ध, ३) तथागत श्रावकहरु, ४) चक्रवर्ती सम्राट” (Maitriya: AD 1976; P.222)।

स्तूपको विकास बुद्धको समय दखिनै विकास भएको मानिन्छ, महापरिनिर्वाण सुत्रमा उल्लेख भएको अनुसार बुद्धको दाहसंस्कारपछि बाकि रहेको अस्तु, खरानि तथा मानो राखि दशवटा महास्तूप बनाएको वर्णन गरिएको छ, ती दशवटा स्तूप तथा स्थानहरु यस प्रकारका छन्,

- मगधका राजा अजातशत्रुले राजगृहमा,
- वैशालीका लिच्छवीहरुले वैशालीमा,
- कपिलवस्तुका शाक्यहरुले कपिलवस्तुमा,
- अल्लकप्पका बुलियहरुले अल्लकप्पमा,
- रामग्रामका कोलियहरुले रामग्राममा,
- वेठदीपकका ब्राह्मणहरुले वेठद्वीपमा,
- पावाका मल्लहरुले पावामा,
- कुसीनाराका शासकहरुले कुसीनगरमा,
- द्रोण ब्राह्मणले तुम्ब (मानो) राखि स्तूप निर्माण,
- पिप्पलीवनका मौर्यहरुले (अंगार) खरानी राखि स्तूप निर्माण, (बज्राचार्य: ई.सं २०००; पृ.४२७) ।

प्रमाणले ठुलोलाई ‘स्तूप’ अथवा ‘थूब’ भन्ने गरिन्छ, उपत्यकाको बहाल, चोकहरुमा पाईने चैत्यलाई चिबा भन्ने गरिन्छ । यो प्रायः दिवंगतहरुको सम्झनामा बनाईने गर्दछन् र

कुनै विशेष उपलक्ष्यमा स्थापना गर्ने गरिन्छ र यो प्रमाणले सानो हुन्छ। हरेक चैत्य, स्तूपहरु विभिन्न उदेश्यका साथ बनाईने गर्दछन् ।


स्तूप तथा चैत्य बिशेष गरि चारप्रकारका हुन्छन्,

- शारीरिक (धातु) चैत्य ।
- पारिभोग चैत्य ।
- धर्म चैत्य ।
- उदेश्य चैत्य ।


अस्तु अवशेष राखी बनाईनेलाई 'शारीरिक' भन्ने गरिन्छ। प्रयोजनमा ल्याएका वस्तुहरु राखी निर्माण गरिने चैत्य भए पारिभोगिक । सुप्रसिद्ध बौद्ध गाथाहरु जस्तै, *"हे धम्मा हेतुपभवा….."* तथा अन्य श्लोकहरु अंकीत गरी चैत्य गर्भमा राखी बनाईने चैत्यलाई धर्म चैत्य भनिन्छ । कुनै उदेश्यका साथ निर्माण गरि स्थापना गरिने चैत्यलाई उदेश्य चैत्य भन्नि गर्दछन्, जस्मा दिवंगत आमा, बुबा, गुरुवर्ग तथा कुनै महत्वपूर्ण घटनाको सम्झनामा बनाईने गर्दछन् (शाक्यः ई.सं.१९९४; पृ.५-१४) ।

उपल्लो खोकनाबाट कुदेश जाने क्रममा बीच बाटोको दायाँ तर्फ भेटिने सानो चैत्य जस्लाई चीबा भन्ने गर्दछन् । यो चीबा खोकनाको कुदेश तथा सिकाली मन्दिर जाने प्रवेश द्वारको रुपमा रहेको छ। यो क्षेत्रमा बौद्ध कलाको रुपमा देख्न सकिने एक मात्र स्थान हो, उक्त चीबा। चैत्यलाई नियालेर हेर्दा यो उपरोक्त चारवटा प्रकारहरुका मध्ये उदेश्य चैत्यको एक नमुनाको रुपमा देख्न सकिन्छ। रुद्रायणी देवी सिकालीमा लैजाने क्रममा, यो चीबा स्थलमापनि विशेष पुजाआजा विधिहरु सम्पन्न गर्ने गर्दछन् ।

यस चीबाको कलालाई नियालेर हेर्दा उत्तर मध्यकालको कलासंग मेल खादछन् । यस चीबालाई जिर्णोद्धार गरिएको बेला केहि सतह सम्म माथि उठाएको र चार कोणमा प्रस्तरको खम्बा र इट्टाले गारो लगाएको देख्न सकिन्छ। यस चीबाको ठीक पूर्व पट्टि अभिलेख समेत राखिएको छ ।



चित्र नं. १०: चीबा



चित्र नं. ११: शिलापत्र

यो चीबाको चार दिशामा स-साना प्रस्तर र चारकोणमा अग्लो खालको प्रस्तर स्थापना गरिएको छ। यो प्रस्तरहरुमा त्रिशूल आकारको चिन्ह कोरिएको पाईन्छ। स्थानीयहरुले यस प्रस्तरहरु चीबाको सिमानाको रुपमा मान्ने गरिन्छ। ती चार कोणमा रहेका चार प्रस्तरहरु चार दिशामा आ-आफ्नै दिशामा अभिमुखहुने गरिराख्नु पर्ने भन्ने स्थानीयहरुको मान्यता रहेको छ।



चित्र नं. १२: शिला खम्बा

## ३.१.२ गुलः गुलः पौंः

गुरुजुहरु बस्ने पौंवा भएकाले गुलःगुलः पौंः भनिएको हो। आज भोलि यहाँ पौंवा देख्न सकिन्न तर पुरानो शैलीमा अहिले निर्माण गर्न लागेको चाहिँ देख्न सकिन्छ। यो क्षेत्रको वर र पर दुईवटा महत्वपूर्ण प्राचीन अवशेषहरु रहेका छन्, 'बस्ती अवशेष' र 'कैफट द्यः' (रुद्रायणी स्थापना गर्ने आशन) ।

## ३.१.२.१ बस्ति अवशेष

यो भूमिमा बाली लगाए पनि बाली नउम्रिने खालको जमिनी सतह रहेको छ। अहिले यो जमिन बेवारिस रुपमा छाडिएको छ। स्थानीयहरुले केहि स्थानमा खन्दा खेरी

घरहरुको अवशेषहरु यहाँ प्राप्त गरिएको थियो । यहाँ खामो गाढेको खाल्टोहरु र माटोको पर्खालरहरुको अवशेषहरु पनि प्राप्त भएको थियो । स्थानीयहरुले खन्ने क्रममा विभिन्न माटोको वस्तुहरु पनि भेट्टाएका थिए जस मध्ये माटोको भाडाको टुक्राहरु पनि सतहमा प्राप्त भएको थियो । यस स्थानमा प्राप्त ईट्टाहरुको नाप ५१/२ X५१/२ रहेका छन् (अवलोकन: ई.सं.२०२२) । आज पनि यस्तो अवशेषहरु सो क्षेत्रको ठुलो भूभागमानै फैलिरहेको छन् । यो स्थानमा पहिले माथिल्लो खोकना बासिहरुको पुर्ख्यौली घर रहेको थियो र पछि, भूत प्रेतहरुको बिघ्नबाधाले गर्दा सो ठाउँ छोड्नु परेको भन्ने स्थानीयहरुको भनाई रहेको छ ।



चित्र.नं.१३: सोलिङ्ग गरेको आँगन

## ३.१.२.२ कैफट द्यः (रुद्रायणी स्थापना गर्ने आशन)

*'कै'*लाई नेपालभाषामा खटेरा भनिन्छन्, खटेरा निको पार्ने देवता भएकोले 'कैफट द्यः' भन्ने गरिएको हो । यहाँ पुजा गरेमा शरीरमा आएको खटेरा नाशहुने भन्ने विश्वास रहेकोले यो ठाउँ निकै महत्वपूर्ण रहेको छ । यो देवता 'गुलः गुलः पौंः' को ठीक अगाडि र सिकाली जाने बाटोको किनारामा पर्दछ ।

यो देवता एउटा ढुङ्गाको फलकको रुपमा रहेको छ। वरिपरि गारो लगाएर सुरक्षित गरिएको छ र यहाँ सानो खाल्टो पनि रहेको छ। प्रमुख देवता मानिने ढुङ्गामाथि रुद्रायणी मन्दिरको देवता स्थापना गरि पुजा उपासना गरि सिकाली मन्दिरमा लगिने गर्दछन्। रुद्रायणी मन्दिरको देवतालाई सिकाली मन्दिरमा लगिने क्रममा विशेष गरी धेन्चोको पहाड लाई अभिमुख हुने गरी कैफट द्यः लाई आसनको रुपमा प्रयोग गरिने चलन रहेको छ, यो *धःज्याः* जात्राको समयमा राखिने गर्दछन्।



चित्र नं. १४: कैफट द्यः

## ३.१.३ जन्माः द्वार

सिकालि मन्दिरको नजिकमा रहेको पुरानो संरचना हो जन्माः द्वार। यो विशेष गरि पानि पिउन या कुनै जात्राको विशेष अवस्थामा जल लिनको लागी बनाएको संरचना हो। यस भित्र जरुँहिटि रहेको छ (महर्जनः अन्तर्वार्ता; ई.सं.२०२२)। अहिले वर्षाको पानीले र हिलो माटोको कारणले सो जन्माः द्वारको खाल्टो आदि जती पुरिएको अवस्थामा रहेको छ। नेपालमा आदिकाल देखि जल लाई पवित्र मान्ने, जल लाई साक्षी राख्ने, हरेक अवस्थामा जल बिनाको जात्रा सम्पन्न नहुने जस्ता कारण गर्दापनि, यो जन्माः द्वारको जरुँ सिकाली

मन्दिरको हरेक पुजाहरुको कार्यमा निकै उपयोगि हुने महत्वपूर्ण थलोको रुपमा बुझ्न सकिन्छ ।

यो जन्मा: द्वारको प्रवेशद्वार आयताकारमा रहेको र यसको लम्बाई र चौडाई २′x ६′ (फुट) रहेको छ । अहिलेको सतह देखि ६′ (फुट) सम्म गहिरो रहेको छ भने, प्रवेश द्वारको २′ देखि स-साना सिढीहरु रहेको छ । जन्मा: द्वारमा प्रवेश गर्न बित्तिकै रहेको दायाँ र बायाँमा रहेको गारो, ईट्टाको प्रयोग गरि बनाएको छ । यस्को मोटापन २′x ६" रहेको पाईन्छ । यस्को माथि पट्टी छानाको रुपमा ढुङ्गाको ढलीन राखिएको छ र त्यस माथि ईट्टा बिच्छाएको छ (मानन्धर,राई, र महर्जन: ई.सं.२०१८; पृ.११-१२ )।



चित्र नं.१५: जन्मा: द्वार

## ३.१.४ ईनार

मानिसलाई अत्यावश्यक बस्तुहरु मध्ये एक बस्तु हो ईनार, हरपल दैनिकी रुपमा मानिसलाई पानि अत्यावश्यनै रहन्छ । यस सिकाली मन्दिरको नजिकमा रहेको कुदेश क्षेत्रमा स्थानियहरुले खन्ने क्रममा पुरानो ईनारको संरचना भेट्टाएको थियो । यस संगै केहि माटाका भाडाको बस्तुहरु पनि भेट्टाएको र साथै खरानिहरु पनि भेट्टाएको थियो (महर्जन, अन्तर्वार्ता ई.सं.२०२२) ।

यो ईनार कुन समयको हो, भन्न भने कठिनाई नै रहेको छ। ईट्टाको अवशेषहरुको आकार प्रकार हेर्दा उत्तर मध्यकाल देखि राणाकालको आस पासमा बनेको हुनु पर्दछ। यो ईनारको संरचना ईट्टा बाट निर्माण गरिएको पाईन्छ। हरेक ईट्टाहरु चतुर्भुज ( Trapezoid ) आकारमा निर्मित गरिएको पाईन्छ। यस्ले ईनारको दिवार चारै दिशा बाट मजबुत बनाउने कार्य गर्दछन्। ईनारको व्यास ३′x ३" रहेको र दिवारको मोटापन १′ ह २२" हुने गरी निर्माण गरिएको छ। यसमा प्रयोग गरिएका ईट्टाहरुको नापको चौडाई तथा लम्बाई ५" / ८" x १०" रहेको छ। यसको अहिले देख्न सकिने गहिराई भने २′x २१" रहेको छ (अवलोकन, ई.सं.२०२२)। यस ईनारको माथिल्लो भाग अहिलेको जमिनको सतह बाट ठीक १′(फुट) तल रहेको छ। ईनारको माथिल्लो सतह बाट बाहिरी भागको ठीक तल ३′x ४" पश्चिम दिशाको जमिनको सतहमा ढुङ्गा बिच्छयाइएको छ (मानन्धर, राई, र महर्जन, ई.सं.२०१८, पृ, ११-१२)।



चित्र नं १६: प्राचीन ईनार

### ३.१.५ पिन्गः मन्दिर

सिकाली मन्दिरको निकटमा रहेको मन्दिरको रुपमा 'पिन्गः' मन्दिरलाई लिन सकिन्छ। यो मन्दिर सिकाली मन्दिरको दायाँ तर्फ स्थापना गरिएको छ। यो स्थानमा तान्त्रिक गतिविधिहरु सम्पन्न गर्ने गरिन्छ। स्थानीयहरुको भनाई अनुसार यहाँ तान्त्रिक शक्ति प्राप्ति गर्नको निम्ति पुजाआजा गर्ने गरिन्छ।



चित्र नं.१७: पिन्गः मन्दिर

यो मन्दिरको देवताहरुको रुपमा स-साना ढुङ्गाको फलकहरुलाई पुजाआजा गर्ने परम्परा रहेको छ। यसको दायाँ र बायाँ स्तम्भ सहित छेपुले सर्प निलेको आकृतिको तोरण निर्माण गरिएको छ। आज भोलि उक्त शिलाको तोरण फलक खिई सकेको देख्न सकिन्छ। यो मन्दिरको ठीक दायाँ तर्फ सानो शिला फलकमा उत्तर मध्यकालीन लिपि रहेको छ, जुन लिपिको कुनै कुनै पङ्तीहरु पढ्न नसकिने अवस्थामा छन्। यस शिलालिपि र मन्दिर प्रवेश

गर्ने द्वारपालकका रुपमा रहेका सिंहमुर्तिद्वय हेर्दा उक्त मन्दिर मध्यकाल भन्दा अघि देखीनै अस्तित्वमा रहि आएको बुझ्न सकिन्छ ।

मन्दिरको सिमाना छुट्ट्याउनका लागी मन्दिरको वरीपरि ढुङ्गाहरु गाढेको पाइन्छ । यो कार्य सिकाली क्षेत्रमा सुलभ रुपमा देख्न सकिन्छ ।



चित्र नं.१८: सिंह मुर्ति

# अध्याय- चार

## सिकालीमा मनाइने प्रमुख जात्रापर्वहरु

### ४.१ परिचय

नेपालमा हरेक महिनामा आ-आफ्नै रितिरिवाज, ऋतुहरुको परिवर्तन अनुसार मानिसहरु जात्रापर्वहरु मनाउने गर्दछन्। यो प्रायः जस्तो देवताहरुलाई समेटी मनाउने परम्परा र उनीहरुलाई खुसि पार्नको लागी पनि गर्ने गरिन्छ। यो प्रायः जस्तो काठमाडौं उपत्यका भित्रका नेवार समुदायहरुमा देख्न पाईन्छ। त्यसैले काठमाडौं उपत्यका, मन्दिररै-मन्दिर र जात्रै-जात्राले युक्त शहरको रुपमा पनि परिचित रहेको छ।



चित्र नं.१९: रुद्रायणी मन्दिर


काठमाडौं उपत्यका भित्र ललितपुरको खोकना बस्तिमा जहाँ बर्षेनी धेरै जात्राहरु मनाउँने गर्दछन्। सिकाली मन्दिरसंग सम्बन्धित प्रमुख जात्राहरु मध्ये प्रमुख जात्राहरु हुन् *'धःज्याः'* र *'मुःज्याः'* यो दुबै जात्राहरु स्थानीयहरुले हप्तौ दिन सम्म हर्षोउल्लासका साथ मनाउने र रमाउने गर्दछन्। स्थानिय भाषा अनुसार *'धः'* भनेको कुलो हो, *'ज्याः'* जात्रालाई संकेत गरिन्छ। कुलोलाई पुजा गरि मनाईने जात्रा भएकाले धःज्या भनेको हो। *'मुः'* भनेको प्रमुख हो *'ज्याः'* भनेका जात्रा हो। वर्षको एक पटक मनाईने प्रमुख जात्रा भएको हुनाले

पनि यसलाई *मुःज्या* भनेको हो । विशेष गरि यस जात्रा पर्वहरुमा पुजाआजा गर्ने व्यक्तिहरु खानपिनमा सुंगुरको मासु, कुखुराको मासु, अन्डा तथा लसुन बाट बन्चित रहनु पर्ने हुन्छ । यहाँको जात्रापर्वको दिनहरुमा कतै पनि कुखुराको मासु र अन्डाको परिकारहरु बनाईन्दैंन केवल हाँसको मासु र अन्डा मात्र प्रयोग गर्ने गरिन्छ (छलफलः ई.सं.२०२२) ।

उपल्लो बस्तिमा रहेको रुद्रायणी माई तल्लो सिकाली मन्दिरको 'आगम छें' भएको हुनाले हरेक कार्यविधि तथा पुजाविधि सम्पन्न गर्दा सिकालीमा लगि पुजा सम्पन्न गरिने गर्दछन् । यही दिननै जात्राको प्रमुख दिन पनि हो । विशेषतः यहाँ प्रायः जस्तो तान्त्रिक गतिविधिका साथ पुजाआजा सम्पन्न गरिने हुनाले के कस्ता पुजा सिकाली तथा रुद्रायणी मन्दिरमा हुन्छ भन्ने विषयमा ठोस प्रमाणका साथ भन्न सकिने अवस्था छैन । हरेक पुजा विधि साधनाहरु गर्दा खोकनाका सबैजसो भक्तजनहरु समेटिने गरी पुजा सामग्रीहरु संकलन गरि सिकालीमा गुह्य पुजा विधिहरु सम्पन्न गरिने गर्दछन् र यहीनै यहाँको विशेषता पनि हो ।

यहाँ मनाईने जात्राहरु अग्रजहरुको मार्ग निर्देशनमा, युवावर्गलाई समेटिने हुनाले पारम्परिक रुपमा अखण्ड चलिनै रहेको छ । नयाँ पिढीका युवावर्गहरुलाई संलग्न गराउनु र आस्था विश्वास दिलाउनु भनेको आफैमा सांस्कृतिक परम्परा लाई जोगाउनु हो । आज भोली धार्मिक आस्था, विश्वास, सहिष्णुता र संस्कृतिमा युवा वर्गहरुमा त्यती आस्था रहेको पाईदैंन । यहाँ साना वर्ग देखी बृद्ध वर्ग सम्म, समान धार्मिक आस्था, विश्वासहरु रहेको देख्न सकिन्छ ।

रुद्रायणी मन्दिर बाट सिकाली सम्म जात्रा सुचारु गर्दा रुद्रायणी मन्दिरको आफ्नै बाटो रहेको छ । माथिल्लो '*लाछ* ' र तल्लो '*लाछी* ' देखि रुद्रायणी विद्यालय हुदैं सिकाली जाने मार्गलाई *(द्यःलः)* देवता मार्ग भन्ने गर्दछन् । कुनै व्यक्तिको मृत्यु भएमा यो बाटो बाट कुनै मलामिहरु लगिने गरिदैंन । यस मार्गको नजिक अर्को मार्ग रहेको छ, जुन मार्गलाई मलामी मार्ग भन्ने गरिन्छ । यस बाटो बाट देवतालाई लगिदैन केवल मलामी मात्र लगिने गरिन्छ (छलफलः ई.सं.२०२२) ।




चित्र नं.२०: नक्शा (स्रोत: https://www.google.com/maps)२०२२,

## ४.२ धःज्याः जात्रा

खोकनाको किसानहरुले विशेष गरि मनाईने जात्रापर्वहरु मध्ये एक जात्रा, *धःज्या* हो । यो विशेष गरि किसानसंग सम्बन्धित रहेको छ । यो जात्रा विशेष गरि ९ दिन सम्म मनाईने गर्दछन् । ति दिनहरु मध्येमा पनि पहिलो ३ दिन प्रमुख दिनको रुपमा रहेको छ । यो जात्रापर्व विशेष गरि किसानहरुले खेतमा बालीनाली लगाएर 'गुन्पुन्ही' अर्थात रक्षाबन्धनको दिन देखि ९ दिन सम्म मनाउने प्रचलन रहेको छ । हरेक दिन अलग अलग किसिमको पुजा, उपासना क्रियाकलापहरु गरि मनाईने गरिन्छ ।

पहिलो दिन : जनै पुर्णिमाको दिन बाट सुरु हुने यो जात्राको पहिलो दिनमा भ्यागुतालाई भात खुवाउने गर्दछन् ।



चित्र नं.२१: भ्यागुतालाई अन्न दिएको अवस्था

यहाँ भ्यागुतालाई खाना खुवाउन किसानहरु द्वारा घरको जुठो नभएको ठाउँलाई छानेर त्यहाँ मण्डप जस्तो बनाई भ्यागुतालाई पुजा गर्न अन्नहरु तयार पार्ने गरिन्छ। ती अन्नका प्रकारहरुमा भात, क्वाटी, गहुँको रोटि समावेश गर्ने गरिन्छ। किसान हरुले हरेक खेतमा २ वटा गरि अन्नको भाग तयार पार्ने चलन रहेको छ १ भाग ‘भाले’ भ्यागुतालाई र अर्को भाग ‘पोथि’ भ्यागुतालाई खुवाउने गरिन्छ। यो अन्न दिने काम जग्गाधनिको प्रमुखत्वमा सम्पन्न गर्ने चलन रहेको छ। यो दिनको १२ बजे भित्र खोकनाको सबै मठ मन्दिरहरुमा पुजा सम्पन्न गरि खेतमा गई भ्यागुतालाई अन्न दिने गर्दछन् जुन अवस्थामा भ्यागुतालाई अन्न ग्रहण गर्न आह्वान गर्नु पर्ने नियम रहेको छ, जुन यस प्रकार रहेको छ। नेपालभाषामा *“ए ब्यांँचा: जा: नँ वा”* ( ए भ्यागुता भात खान आउँ ) भनी सम्बोधन गर्ने गरिन्छ र गर्नुपर्छ। यसरि आवाहन नगरेमा आफ्नो दायित्व सम्पूर्ण नगरेको मान्ने प्रचलन रहेको छ (महर्जन: अन्तर्वार्ता; ई.सं.२०२२)। यहाँ भ्यागुता खेतको रक्षकको रुपमा मान्ने चलन छ। खेतमा धान रोपाई सकेर धान उब्जिने क्रममा धानलाई विभिन्न किराहरुले नष्ट गर्ने जोखिम बढेको हुन्छ, सो अवसरमा ती किराहरुलाई भ्यागुताले खाएर बालि नष्ट हुन बाट बचाउने काम गर्दछन्। खेतका किसानले बर्षेनी जनै पुर्णिमाको दिनमा अन्न दिने परम्परा आज पनि कायम रहेको देखिन्छ।

दोस्रो दिन *:धः:ज्या:* को दोस्रो दिन रुद्रायणी मन्दिरर सिकाली संग सम्बन्धित रहेको छ। यो दिनमा बिहानको १० र ११ बजे भित्र रुद्रायणी मन्दिरको देवीलाई स्नान गरी सजाउने कार्य गरिन्छ। गुठियारहरुले मन्दिर बाट देविलाई तल आगनमा ल्याउँने कार्य गरिन्छ। यो

अवस्था पारी भक्तजनहरुले सो वर्षमा आफ्नो दिवंगतहरुको नाममा दान गर्ने गर्दछन् । दान दिने वस्तुहरुमा विशेष गरि नास्पाति र सानो केराउँ राखिने चलन रहेको छ ।

रुद्रायणी देवी सिकालीमा लगिने क्रममा मन्दिर बाट खोकनाको *'क्वः लाछी '* सम्म चार जानाले बोकेर लगिने गर्दछन् सो अवस्थामा ती क्षेत्रका बासिन्दाहरु नखाईकन बस्ने चलन रहेको छ । अन्न खाएमा जुठो पर्ने भन्ने विश्वास रहेको छ । सिकालिमा रुद्रायणीलाई लगेर स्थापना गरे पश्चात त्यहाँ गुठियारका पुजारिहरुले तान्त्रीक गुह्य पुजा उपासना गर्ने गरिन्छ । यो पुजा मा के हुन्छ, के हुन्दैन भन्न सकिने अवस्था छैन । स्थानीय बासिन्दाहरुले पनि सोधपुछको क्रममा खासै भन्न नहुने कुराको जानकारी दिएका छन् । यस पुजामा प्रयोग हुने सबै प्रकारको पुजा सामग्रीहरु भने 'घशि कुचा गुथि'का गुठियारहरुले आवश्य पुरा गरिदिने गर्दछन् । सबै पुजा विधिहरु समापन भए पश्चात त्यहाँ सहभागि सबैले भोज खाने गरिन्छ र फर्किने क्रममा, अहिलेको रुद्रायणी विद्यालय अगाडिको पाटिमा स्वागतको रुपमा *'मंका खलः'* हरु पर्खेर बसेको हुन्छ । नेवार समुदायमा नेवारीहरुको विभिन्न खलः हरु रहेको हुन्छ । हरेक विशेष अवसरमा यो खलःको उपस्थित अनिवार्य रहन्छ, बाजा देखि लिएर सबै कार्य यही खलःले समाल्ने गर्दछन् भने, टोल टोलमा आ-आफ्नै मंकाखलःहरुको समूह रहेको हुन्छ । यो खलःमा विशेषतः पुरुषहरु मात्र सम्मिलित हुने गर्दछन् (महर्जनः अन्तर्वाता; ई.सं.२०२२) देवतालाई पाटिमा स्वागत गरि केहि समय त्यहाँनै स्थापना गरिन्छ । यस अवसरमा महिलाहरु भने खोकनाको विभिन्न मन्दिरहरुमा बत्ति बाल्न जाने गर्दछन् । बत्ति बाली सकेर पाटिमा राखिएका ती रुद्रायणी देवीलाई पुनः खटमा राखी 'जितापुर गः'(मन्दिर) मा लगी राखिने चलन रहेको छ । १६ जना युवा केटाहरु द्वारा खटमा रुद्रायणी देवि स्थापना गरि बोक्ने गरिन्छ ।

खोकनाको 'जितापुर गः' (मन्दिर)मा रुद्रायणी देवीलाई विराजमान गरे पश्चात, प्रायः कुमारी कन्याहरु (ब्रतालुहरु) द्वारा १०८ परिक्रमा गर्ने गरिन्छ र साथै मृतकका परिवारहरुले पनि आफ्नो दिवंगतहरुको स्मृतिमा सत्गतिको कामना गर्दै १०८ बत्ति बालेर सो मन्दिरमा पुजा गर्ने परम्परा रहेको छ । स्थानीय तह वडा कार्यालय बाट पनि यो समयमा विभिन्न पुजा सामग्रीहरु पठाउँने र पुजा गर्न आउने परम्परा रहेको छ । पुजा सामग्री पठाउदा समावेश गरिने द्रव्यहरुमा 'उक्खु, *समय् बजी,* र नेवारि पुजा सामग्रीहरु' प्रमुख रहन्छन् ।

रुद्रायणि गुठी बाट ४६ जना गुठियारहरु पुजाको लागी *'क्वःलाछी'* मा आएर पुजा गरेर प्रस्थान गरिन्छ त्यस पछि पञ्चताल गुठीका गुठियारहरु पनि पुजागर्नका निम्ति यहाँ आउने गरिन्छ । यस अवसर पारि किसानहरु द्वारा पहिलो दिनमा भ्यागुता लाई अन्न दिन घरमा बनाएको मण्डपमा गई कृषी औजारहरुलाई पुजा गर्ने गरिन्छ, वास्तविक रुपमा यसलाई नै धःज्या भनिन्छन् । यो पुजा रातिको समयमा गर्ने गरिन्छ ।

यस दिनमा पुजा गर्न आउँने सबै गुठियारहरु निश्चित ठाउँमा गई भोज खाने चलन छ । भोज खाई फर्किएर *'क्वः लाछी'* को 'डबु'मा भेलाभई रुद्रायणी गुठियारहरु देवतालाई अभिमुखहुने गरि देवनाच प्रदर्शन गर्ने गरिन्छ । यो नाच गर्दा नाच्ने व्यक्तिले नाच्दा लगाउनु पर्ने विशेष लुगा *'घुजि लः'* लगाएर नाच्नु पर्ने हुन्छ । यो नृत्य सक्काएर 'जितापुर गः' (मन्दिर) बाट रुद्रायणी देवीलाई पुनः बोकेर आफ्नो गन्तव्यमानै (रुद्रायणि मन्दिर) लैजाने गर्दछ । यहाँ सम्मको कार्य विधिहरु सम्पन्न गर्दा तेस्रो दिनको अरुणोदय भई सकेको हुन्छ (महर्जन, अन्तर्वाता; ई.सं.२०२२)।

तेस्रो दिनः यो दिन खोकनाका बासिन्दाहरुले *'तुसि भू '* र *'फसि भू '* मनाईने गर्दछन्, *'तुसि'* भनेको 'काक्रो', *'भू'* भनेको 'भोज' हो, *'फसि'* भनेको 'फर्सि' र *'भू'* भनेको 'भोज' हो । यस दिनमा सांकेतिक रुपमा काक्रो र फर्सिलाई बलि दिने र भोज खाने गर्दछन् । भक्तजनहरु र स्थानीय युवाहरु यो दिन बिशेषतः विभिन्न कार्यक्रमहरुमा व्यस्त हुने गर्दछन् । यो दिनमा बिहान समयको लगभग ९ र १० बजे भित्र स्थानीयहरुको मृतक परिवारहरु *क्वः लाछी* मा भेला भई *नासःद्य* बाट गाईजात्रा निकालिने चलन रहेको छ ( महर्जनः अन्तर्वाता; ई.सं.२०२२) । यो गाईजात्रा मनाउन्दा गाईजात्रामा संलग्न हुनेहरुले किसानी पोशाक लगाई धान रोपेको जस्तो नक्कल गर्ने गर्दछ । पुराना भाएका लुगा पहिरेका ती गाईजात्रेहरु अनेक हाउभाउ कटाक्ष प्रयोग गरी हँसाउँदै देश परिक्रमा गर्दछन्" (श्रेष्ठः ई.सं.२०११; पृ,९७) । यो गाईजात्रा भने उपत्यकाका अन्य व्यक्तिहरुले मनाउने दिनको ठीक तेस्रो दिनमा मनाईन्छ । यो सो ठाउँको एक विशेषता पनि हो ।

गाईजात्रा चलिरहेको समयमानै रुद्रायणि मन्दिर भित्र बेग्लै कार्य भैरहेको हुन्छ । रुद्रायणी मन्दिरका (द्य) गुठीयारीहरुले 'तुसि भू' र 'फसि भू' गर्ने गरिन्छ । यो दिनमा काक्रो रफर्सिको निकै महत्व रहेको हुन्छ । यो तान्त्रिक गतिविधि गर्दा प्रयोग हुने एक किसिमको विशेष बस्तु पनि हो । भक्तजनहरुले खोकनाको *मुःज्या*को जात्रामा रुद्रायणी नाच देखाउँने

पात्रहरुका सो दिनमा प्रदर्शन गरिएका मुकुटहरुलाई र पात्रहरुलाई पुजा गरि भोज ख्वाईने गरिन्छ। यो भोजमा काक्रो र फर्सिको नै प्रयोग गरिने गर्दछन् (महर्जनः अन्तर्वार्ता; ई.सं.२०२२)।

यहि दिनको दिवा समयमा लाखे नाच निकालिने परम्परा पनि रहेको छ र यो दिनभरी नै हुने छ। यो अवस्थामा लाखे निकालिने कार्य भने शाक्य परिवार बाट विधि अनुसार नियम पुरा गरि निकालिने परम्परा रहेको छ। नाचगानमा सामेल हुन स्थानीय महर्जनहरुको संलग्नता रहेको हुन्छ। यहाँ बिशेषतः सो कार्यमा चाहिने जेजति पनि बाजागाजाहरु रहेको छ, सबै कापालिहरुले बजाउँने कार्य गर्ने गरिन्छ। लाखे नाचको समयमा पारि खोकनाको 'दे पुखुमा' काक्रो र फर्सि लाई बलिको रुपमा काटिने गरिन्छ। यो राज्यको अनुग्रहमानै सम्पन्न हुन्छ (महर्जनः अन्तर्वार्ता; ई.सं.२०२२)। यहाँ कुमारी पाठीलाई पोखरिमा जिउँदै फ्याकेर युवाहरुको लुछाचुँडी गर्दै बहादुर पुरुषको पद धारण गर्न त्यस्तो बबन्डर प्रदर्शन गर्ने गर्दछन्। वर्ष पुरुष घोषणा हुनअघि बाखीको लुछाचँडीमै मृत्यु भईसकेको हुन्छ (श्रेष्ठः ई.सं.२०११; पृ,९७ )।

## ४.३ मू:ज्या: जात्रा

*मू:ज्या:* जात्रा खोकनामा मनाईने जात्राहरु मध्ये मूल अर्थात प्रमुख जात्रा हो। यसलाई प्रमुख जात्राको रुपमा मान्ने हुनाले *मू:ज्या* भनेको हो *मू:* भनेको 'प्रमुख' हो, *ज्या* भनेको 'जात्रा' हो। यो देश भरका जनताहरु दशैं पर्व मनाउँन लाग्दा खोकनाका जनताहरु *मू:ज्या:* मनाउँने गरिन्छ। पुरानो बस्ति कुदेश बाट उपल्लो खोकनामा बसाई सारीएको दिन देखी दशैं मनाउन छोडीएको र सिद्धिकाली जात्रा अर्थात *मू:ज्या:* जात्रा पनि तान्त्रिकहरुले सार्न खोज्दा देवी बाट त्यो स्वीकार्य नभएको र पछी सो जात्रा दशैंको सप्ताहमा पर्न आएको हुनाले दशै नमानी यो जात्रा मात्र मनाउने गरिएको भनिन्छ। यो दशैंको दिनको हिसाबले घटस्थापनाको दिन देखि मनाईने गरिन्छ। (पौड्याल, शर्मा र पोखरेलः ई.सं.२०२२; पृ,१०३)

घटस्थापनाको पहिलो दिन तगु: गुठि र सना गुठिका चार चार जना गरी ८ युवा कुमार केटाहरु उपवास बसी सो गुठिका मुख्य थकालीहरु बाट पुजा सामाग्रीहरु लिने र टोल टोलका बासिन्दाहरु संग पुजा माग्न जाने गरिन्छ। जुन अवसरमा सो कुमार केटाहरु उखू बोकेर, थालीका साथ पुजा बस्तुहरु समातेर टोल परिक्रमा गरि पुजा संकलन गर्ने

परम्परा रहेको छ, यसलाई स्थानीय भाषामा *'पुजा थँ:' वनेगु* (पुजा लिनजाने) भन्ने गरिन्छ। सो कुमार केटाहरु टोल-टोल परिक्रमा गर्दा "पुजा ही...पुजा ही .."( पुजा देउँ पुजा देउँ ) भन्दै माग्ने गरिन्छ। उक्त पुजाको सामाग्रीहरुमा भोगटे, उखु, तसी, चामल, चिउरा, अबीर, फुल आदी हुन्छन्। यसरी संकलित पुजा सामाग्रीहरु लिएर खोकना बस्ति बाट टाडा रहेको सिकाली मन्दिरमा गएर गोप्य पुजा विधिहरु गर्ने गरिन्छ। गोप्य पुजा गर्दा उक्त मन्दिरको आसपासमा मानिस तथा अन्य चरा तथा जनावरहरु समेट सो सिकाली चौरमा बस्न नमिल्ने मान्यता रहेको छ ( पौड्याल, शर्मा र पोखरेलः ई.सं.२०२२; पृ.नं १०३)। यो कार्यविधि घटस्थापनाको भोलिपल्ट अर्थात दोस्रो दिनमा पनि जारी रहने छ।

तेस्रो दिनमा गुठियारहरु दिनभरी व्रत बस्ने चलन रहेको छ। बेलुकी तिर तीनवटै गुठिकाले तीनवटै रांगालाई डोरिले बाधेर 'ढोकासीचौर' सम्म तानेर लगी राङ्गालाई पुजा गरी बलि दिने परम्परा रहेको छ। ती रांगाको रगत सेतो धोती र सेतो कपडा (गाम्सी) ओडेर कम्मरमा कालो रङ्गको पटी (नौं फ्वः) लगाएका ती युवा कुमार केटाहरुले सिकाली मन्दिरमा लगी चडाईने गरिन्छ। अन्तमा ती बलि दिएका रांगालाई गुठी घरमा प्रवेश गराई प्रसादको रुपमा गुठियारहरुलाई बाड्ने र भोज खुवाउँने चलन रहेको छ। (महर्जनः अन्तर्वार्ता; ई.सं.२०२२)।

चौथो दिनमा पनि ती कुमार केटाहरुले पुजा संकलन गरी सिकाली मन्दिरमा लगी पुजा आजा गरी चढाईने गरिन्छ। यसै दिनमा प्रत्येक गुठघिरमा 'ईनाभा' द्वारा मासु पकाई सिकालीमा लगी खुवाउँने गरिन्छ। रातिको समयमा गुठिघरमा घ्याम्पोको देवताको रुपमा वीरभद्र देवता (भैरव) स्थापना गर्ने गरिन्छ। यो अवसरमा प्रत्येक घरमा 'छोएलाः भू' गर्ने चलन रहेको छ।

पाचौं दिन विशेष दिनको रुपमा मनाईने चलन रहेको छ, जसलाई *'मू:ज्या'* भन्ने गरिन्छ। यसै दिनमा रुद्रायणी देवी मूल मन्दिर बाट बाहिर निकाली खटमा राखी पुजा गर्ने गरिन्छ। मन्दिर बाट निकालि प्रदर्शन गरिने देवता, मूल देवताको नक्कल मूर्ति रहेको हुन्छ। सक्कल देवता मन्दिर भित्रनै सुरक्षीत गरि राखिएको हुन्छ। सक्कल मूर्तिलाई बाहिर प्रदर्शनमा राखिन्दैन (छलफलः ई.सं.२०२२)।



चित्र नं.२२: रुद्रायणी

यो जात्राको बेला धार्मिक सांस्कृतिक नृत्यहरु पनि प्रदर्शन गर्ने र रातिको तीन बजेतिर खटमा राखिएका ती देवतालाई स्थानीय युवाहरुले काधमा बोकी खोकनाको माथिको र तलको '*लाछी*' मा गरी तीन पटक परिक्रमा गराउने गरिन्छ ।



चित्र नं.२३: वीरभद्र, घ्याम्पोको देवता

वीरभद्रको रुपमा स्थापना गरिएका सो घ्याम्पोको देवता (भैरव)लाई र रुद्रायणी खटलाई स्थानीय द्वारा सिकाली सम्म विशेष नेवारी बाजागाजा र बाँसुरी बजाई यात्रा गराउने चलन रहेको छ । यो बेला सम्म छैटौं दिनको सुरुवात भईसकेको हुनाले बिहानकै समयमा सबै गुठियारहरु मिलेर अश्वमेध यज्ञ गर्ने गरिन्छ । यसको समाप्ति पछि सिकाली मन्दिरको पाटीमा ल्याइएका देव मुखौटा र वस्त्र, देव गणहरुले लगाई, सिकाली मन्दिरमा

प्रस्थानको लागी तयार गरिने गरिन्छ। यो अवसरमा त्यहाँका गुठिका अग्रजहरु विशेष किसिमको सेतो वस्त्र लगाउने गरिन्छ, उनीहरु गुठिका *'पैताः खलः'* हरु हुन् र यो स्थानीय मौलिक भेषभूषा पनि हो ।



चित्र नं.२४: पैताः खलः

यो अवसरमा सिकाली नाँच खोकनाको पहिचान देखाउने गरिन्छन्। विशेष वस्त्र तथा आभूषणले सजिएका, देव मुखौटा धारण गरी, दुई जाना व्यक्तिको सहायताले, विशेष बाजागाजाको लयमा सिकाली मन्दिर परिक्रमा गर्ने गरिन्छ। यो नाचमा १४ जना उपस्थित रहन्छन्, यो अवसरमा मुकुट धारण गरिएका देवतालाई बोकेर दौडाइने गरिन्छ, यसलाई स्थानीय भाषामा *'द्यः ल्वहः ब्वाकेगु'* भन्ने गरिन्छ।



चित्र नं.२५: सिकाली नाच

यहाँ महाकाली जागृत अवस्थामा आई यज्ञ विध्वंश गरेको तथा वीरभद्र-महाकालीले देवदेवी सबैलाई लखेटेको दृश्य पनि प्रतिकात्मक रुपमा देखाउने गरिन्छ (पौड्याल, शर्मा र पोखरेलः ई.सं.२०२२; पृ,१०३)। यो नाचँ देखाएपछि सो मुखौटा धारण गरिएका देव गणहरु देव मुखौटा निकाली क्रमै संग भोज खाने गरिन्छ। यो नाच हेर्न आउने भक्तजनहरुलाई पनि प्रसाद दिने र पुनः सिकाली बाट खोकनाको बस्ति तर्फ विशेष बाजागाजाका साथ खटमा राखिएका रुद्रायणी देवी र वीरभद्रलाई बोकी फर्कन्छन्। खोकनाको बस्तिमा आईसके पछि, मुखौटा लगाएका देव गणहरु टोल-टोलमा परिक्रमा गर्न लगाई पुजा गराउँने गरिन्छ। यहाँ विशेष सेतो वस्त्रले सजिएका *'पैताः खलः'*पनि देवगणहरुको अगी-अगी जाने गरिन्छ। यसै क्रममा रुद्रायणी खट र वीरभद्रलाई पनि टोल टोलमा परिक्रमा गराउँने गर्दछन्। यस पछी सो मुखौटा लगाएका देव गणहरु पुनः सिकालीमा झैं बाजागाजाका साथ *'च्वें लाछी'* देखी *'क्वः लाछी'* सम्म दौडाइन्छ। यसको पछि-पछि वीरभद्रलाई पनि लग्ने गरिन्छ र साथमा रुद्रायणी खटलाई पनि सो टोल हरुमा परिक्रमा गराउने गर्दछन्। विशेषतः सो रुद्रायणी खट बोक्ने व्यक्तिहरुको कम्मरमा पराल (डाकी) लगाएको हुन्छ। यो हेर्न सयौं मान्छेहरुको जमघट त्यहाँ हुने गर्दछन्। सम्पूर्ण विधि सकेपछी सम्पूर्ण देवगणहरु रुद्रायणी मन्दिर तर्फ लागिन्छ। यस दिनको भोलि सो खोकनाका बासिन्दाहरु कोहिपनि सिकाली चौर तिर जान्दैन। अग्रजहरुको कथन अनुसार सो दिनमा तान्त्रिक साधनाहरु गरिने हुनाले देवताहरु चौर तिर घुम्न आउने गर्दछन् भन्ने विश्वास राख्दछन्, यदि त्यो दिनमा सिकाली गएमा अनर्थ हुन्छ र बिग्नबाधाहरु उत्पन्न हुन्छ भन्ने विश्वास राख्दछन् (छलफलः ई.सं.२०२२)।



चित्र नं.२६: रुद्रायणी खट *'द्यः ल्वहः ब्वाकेगु'*

सातौं दिनमा रुद्रायणी गुठिका ४६ जना देवता खलकका देवताहरु वस्त्र धारण गरी रुद्रायणी मन्दिर बाट तल्लो लाछीमा जान सुरु गरिन्छ। यहाँ विशेष *'धिमेबाजा'* र बाँसुरी बजाउँदैं लैजान्छन्। तल्लो *'लाछी'* मा पुगेपछी त्यहाँको डबलिमा महालक्ष्मीले महिषासुरलाई वध गरेको दृश्य प्रतिकात्मक रुपमा देव नाँच, दिन भरी प्रदर्शन गर्ने गरिन्छ (पौड्याल, शर्मा र पोखरेलः ई.सं.२०२२; पृ,१०५)। नाँचको अन्तमा पुनः मुर्तिलाई मन्दिर तर्फ लाने गरिन्छ।



चित्र नं.२७: देव नाँच

आठौं दिनमा तिनवटा गुठिका *'ईनाभा'*को अन्य काम सकाएर टोल टोलमा गएर जात्रा समापन भएको जानकारीको रुपमा नारा लगाउँने गरिन्छ र साझँ तिर रुद्रायणी देवी स्थापित खटलाई तल्लो *'लाछी'* बाट माथिल्लो *'लाछी'*मा ल्याएर जात्रा देखाउँने गरिन्छ। अन्ततः आठौं दिनमा जात्रा समापन गर्ने गरिन्छ।

## ४.३.१ द्यः (देवता)

*'मुःज्याः'* जात्रामा मुखौटाँ लगाई नाँच नाच्नेहरुलाई *'द्यः'* (देवता) भन्ने गरिन्छ। यस जात्राको नाँचमा १४ जानाको सहभागीता रहेको हुन्छ। अन्य ठाउँमा नेवार समुदायका शाक्य, बज्राचार्यहरु पुजा पाठमा, *'द्यः'* को रुपमा प्रमुख भूमिका निर्वाह गरेको हुन्छन् भने यहाँ महर्जन तथा डंगोलहरु *'द्यः'* को भुमिका निर्वाह गरेको हुन्छ। अहिले सम्म पनि यो

परम्परा बुबा, छोरा, र नाति परम्परा गरि चलीनै रहेको छ। छोराहरु नभएको खण्डमा नजिकको व्यक्ति '*द्यः*' मा चुनिन्छन्। कुनै '*द्यः*' हरु अहिले बृद्ध अवस्थामा, असक्त अवस्थामा गुजरी रहेतापनि, ति '*द्यः*' हरु अहिले सम्मपनि सिकाली नाँचमा सहभागी भईरहेको देखिन्छ। *द्यः* भएकाहरु जात्रापर्वको बेलामा दिन रात खाना नखाई पानी मात्र खाएर बस्नु पर्ने हुनाले, बृद्ध *द्यः*हरु निकै थकीत भएको हुन्छन्। मुखौटा लगाए पछि पुजा नसकुन्जेल नाचीरहनु पर्ने र खोकनाको टोल-टोलमा घुमिरहनु पर्ने हुनाले अलि कष्ट सहनु पर्ने हुनाले द्यः हुनुमा युवावर्गहरु यस प्रति आकर्षित भएको देखिन्दैन (छलफलः ई.सं.२०२२)।

# अध्याय- पाँच

## निष्कर्ष र सुझावहरु

### ५.१ सारसंक्षेप

रुद्रायणी मन्दिर सिकाली मन्दिरको *द्यो:छें* (आगम घर) भएको हुनाले, हरेक पर्वमा रुद्रायणीलाई सिकाली चौरको पीठमा ल्याई पुजा उपासना गर्ने गरिन्छ ।

सिकाली मन्दिरको प्राचीनताको विषयमा गहिराईसम्म हेर्न ठोस प्रमाणहरु पाईदैनन् । यहाँ कतिपय संरचनाहरु नयाँ रहेको देख्न सकिन्छ। मन्दिरको देव मूर्तीहरुको कलाकृतीहरु बाहेक मन्दिरको संरचनाहरु भने निकै साधारण रहेको देख्न सकिन्छ। अन्य ठाउँको मन्दिरहरुको हरेक कण-कणमा तान्त्रिकी प्रभाव देखाउँन खोज्छन् तर यहाँको मन्दिर तान्त्रिक प्रभाव परेतापनि तान्त्रिक किसिमको कलाकृतिहरु भने देखाउन खोजेको पाईन्दैन। वास्तुकलालाई पनि नियालेर हेर्दा त्यहाँ रुद्रायणी मुर्ति सिकाली चौरमा ल्याउँदा धेन्चो डाडाँलाई अभिमुखी गरी *गुल: गुल: पौं:* को शिलामय आसन मा राखीने चलन रहेको छ। सो किसिमलेनै सिकालीको मन्दिर पनि धेन्चो डाडाँमा अभिमुखिकरण हुने गरी वास्तुमय रुपमा मन्दिरको संरचना बनाएको पाईन्छ। सिकाली मन्दिर र धेन्चो डाडाँ बीच केही न केही सह-सम्बन्ध भएको हुनु पर्दछ ।

मन्दिरलाई घेरी निर्मित थुप्रै वास्तुकलाहरु मध्ये शिलामय फलकहरु थुप्रै देख्न सकिन्छ, हरेक शिलामय फलकलाई देवत्व प्रदान गरिएको हुन्छ। सो फलकहरुमा त्रिशूलाकृति जस्तो चिन्ह कोर्ने गरिन्छ। हरेक पर्वको बेला, पहेलो र रातो रङ्गले, यो कोर्ने कार्य गर्ने गरिन्छ।

सो सिकली मन्दिरको तल्लो भाग (कुदेश)मा भने सय बर्ष अगाडि सम्म मानिसहरु बसो बास गरिएको थियो । त्यहाँ आजभोलि सय वर्ष आसपासको र त्यो भन्दा अघील्लोका संरचनाहरु यत्रतत्र देख्न सकिन्छ। यहाँ बौद्ध संरचनादेखी लिएर हिन्दु संरचना तथा घर, हिटी, ईनारको संरचना सम्म देख्न सकिन्छ ।

*धःज्याः* र *मूःज्याः* जात्रामा उपल्लो बस्तिको रुद्रायणी देवीलाई खटमा राखी तल्लो सिकालीमा ल्याई पुजा सम्पन्न गर्ने परिपाटी रहेको छ। यो पुजाविधि सम्पन्न गर्दा रुद्रायणी

देखि सिकाली सम्म आफ्नै बाटो रहेको हुन्छ । रुद्रायणी देवी, आगम-छें को रुपमा पुजा गर्ने गरिन्छ भने सिकाली मन्दिरलाई पीठको रुपमा पुजा गर्ने गरिन्छ तर कतिपय स्थानीय हरुले भने सिकाली पीठ, एक पीठ नभई श्री काली देवीको रुपमा मान्ने गरिन्छ ।

बिशेषतः सिकालीमा मनाईने दुई वटा जात्राहरु प्रायः प्राकृतिक बस्तु लाईनै पुजा गरि मनाउँने गर्दछन् । पुजामा स्थानीय अग्रजहरुको अगुवाईमा, नव सदस्यहरु बाटनै पुजा विधी सम्पन्न गराउने गर्दछन् । यो यस क्षेत्रको विशेषता हो ।

## ५.२ उपलब्धि

त्रिभुवन विश्वविद्यालय अन्तर्गत मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत नेपाली इतिहास संस्कृति तथा पुरातत्व केन्द्रीय विभागमा स्नातकोत्तर तहको उपाधि प्राप्तिका निमित्त, खोकनाको वडां नं २१ अन्तर्गत, *"सिकाली मन्दिरको सांस्कृतिक अध्ययन"* विषयवस्तुको अध्ययनको क्रममा तीन वटा प्रमुख उपलब्धिहरु पाइएका छन्, जुन निम्न प्रकारका छन् ।

सिकाली मन्दिरको कला र वास्तुकलाको विषयमा गरिएको एक अध्ययनमा सो क्षेत्रको मौलिकताको विषयमा जानकारीहरु प्राप्ति । अध्ययनको सिलसिलामा सिकाली मन्दिरको कला र वास्तुकला केवल एक मन्दिर मात्र नभई आसपासको भौगोलिक क्षेत्रलाईनै नजरमा राखि निर्माण गरेको पाईन्छ । यो अध्ययनको पहिलो उपलब्धि हो ।

लामो समयसम्म जमिनि सतहमा लोप भएर बसेका, सिकाली मन्दिर संग सह-सम्बन्ध जोडिएका कुदेश क्षेत्रका प्राचिन मन्दिरहरुको संरचना तथा अन्य संरचनाहरुको बारेमा व्यवस्थित ढङ्गले मापन गरि यस शोधपत्रमा समावेष गर्नु दोस्रो उपलब्धि रहेकोछ ।

रुद्रायणी मन्दिर र सिकाली मन्दिर संग सम्बन्धित प्रमुख दुई वटा जात्राको विषयमा र त्यहाँको धार्मिक आस्था तथा जन भावनाको विषयलाई मध्यनजर गरि गरिएको अध्ययन, आफैमा एक नौलो विषयबस्तु बनेको छ । यहाँ मनाईने हरेक जात्रापर्वहरु युवाहरुको उपस्थितिमा सम्पन्न गर्ने गरिन्छ । जात्राको एक अवस्थाको प्रसंङ्गमा वज्रयानी परम्परामा सुभारम्भ गरेर, अन्त्य भने हिन्दु परम्परा अनुसार सकाउने गर्दछन् । अन्ततः दशैंको बेला दशैंनै नमानी *सूःज्याः* जात्रा मनाईने गरिन्छ । यस प्रकारका अनौठो मुर्त, अमुर्त संस्कृतिहरु

प्रति आस्था राख्ने बस्तिका बासिन्दाहरुको जात्रापर्वको विषयमा अध्ययन हुनु तेस्रो उपलब्धि रहेकोछ ।

## ५.३ सुझावहरु

खोकनाको प्राचिन सिकाली मन्दिर, खुल्ला चौरमा रहेकाले यो मन्दिर ज्यादै लोक प्रियता रहेको देखिन्छ। हरेक उमेर समूहका व्यक्तिहरु यहाँ धार्मीक, सामाजिक, र मनोरन्जन गर्ने उदेश्यले दिनहुँ आउने गर्दछन् । सिकली मन्दिरमा दिनहुँ *'द्यः पालाः'* हरुको निगरानी हुने हुनाले मन्दिर र वरपरको संरचनाहरु व्यवस्थित भएको पाईन्छ। सुचनाको हकमा, मन्दिरको सामान्य जानकारी प्राप्त गर्नको लागी कुनै बोर्डहरु राखिएको भने पाईदैन। धार्मिक स्थल भएपछि, सुचनाको रुपमा कुनैन कुनै बोर्ड मार्फत स्वदेशी तथा विदेशी पाहुनाहरुलाई बुझ्ने गरी नेपाली तथा अंग्रेजी भाषामा सामान्य जानकारी दिनु पर्ने हुन्छ ।

*"सिकाली मन्दिरको सांस्कृतिक अध्ययन"* विषय अन्तर्गत सिकाली मन्दिरको भौतिक संरचना देखि लिएर जात्रा पर्वहरुको मुर्त अमुर्त संस्कृतिहरु सम्मका विषयमा अध्ययन अनुसन्धानको क्रममा अवश्यक तथ्याङ्कहरु संकलन गर्दा, अन्तर्वाता लिदाँ त्यहाँका प्रायः स्थानीय व्यक्तिहरु स-साना तथ्याङ्कहरु समेत दिन रुचाएको देखिएन। यस प्रकारको गुप्तता नरहनु पर्ने र अध्ययन कर्ताहरुलाई सहजता हुने गरी स-साना तथ्याङ्कहरु सहजै प्रदान गर्नु पर्ने देखिन्छ। कुनै गुप्त पुजाविधिहरु छन् भने, त्यसलाई असर नपर्ने गरि अध्ययन कर्ताहरुलाई तथ्याङ्क उपलब्ध गराई अध्ययन अनुसन्धान सहज र अघी बढाउँन मदत गर्नु पर्ने आवश्यकता महसुस हुन्छ। यसका लागि स्थानीय बासिँन्दाहरुलाई यसको महत्वबारे जागरणको कार्यक्रमहरु स्थानीय सरकारबाट गर्नु पर्ने देखिन्छ ।

यस अध्ययनमा गरिएको अनुसन्धानको क्रममा सुधार हुनु पर्ने र व्यवस्थित हुनु पर्ने केही बुदाँगत कारणहरु निम्नलिखित रुपमा रहेका छन् ।

- रुद्रायणी मन्दिर घुम्न आउने पर्यटकलाई सिकाली मन्दिर सम्म जान सहज हुने गरि मार्ग निर्देशनको रुपमा सुचना बोर्ड को व्यवस्थापन गर्नु पर्ने ।

- उपल्लो खोकना बाट सिकाली सम्म जाने मार्ग सम्पदा मैत्रीपूर्ण बाटो हुनुपर्छ। यसले पर्यटकलाई पैदल यात्रा गर्दा पनि सहज हुनका साथै मौलिकता पनि झल्काउने कार्य गर्न मदत पुर्याउन्छ।
- प्राचिन बस्तिहरुको अवशेषहरु नष्टहुनु र चोरि हुनु बाट बचाउँन, स्थानीय निकायबाट ठोस कदम चाल्नु पर्ने देखिन्छ। यसमा स्थानीय निकायका बासिन्दाहरु उत्साहित भएतापनि स्थनीय सरोकारवालाहरु र उच्चपदमा पहुँच भएकाहरुमा कमि कम्जोरी तथा विशेष रणनितीहरु नभएको देखिन्छ।
- प्राचिन स्मारक संरक्षण ऐन, २०१३ (संसोधित ऐन बमोजिम) उक्त ठाउँलाई सुचना बोर्ड राखी आरक्षीत क्षेत्रको रुपमा घोषणा गरिनु पर्ने देखिन्छ। यस ठाउँमा नेपाल सरकार पुरातत्व विभाग र स्थानीय सरोकारवालाहरुको आपसि समजदारिमा प्राचिन संरचनाहरुको व्यवस्थापनमा जोड नदिनु एक कम्जोरि रहेको पाइन्छ।
- स्थानीय पर्यटन प्रवर्द्धनको निम्ति मन्दिर नजिकै काउन्टर राखिनु पर्ने र टिकट प्रणाली तथा ब्रोशर को व्यवस्था गरिनु पर्ने हुन्छ, यसो गर्नाले दैनिकी मन्दिरमा घुम्न आउनेहरुको संख्या अनुमान गर्न मदत गर्दछ र स्थानीय सरोकारवालाहरुले पनि केहि आर्थिक लाभ लिन सक्ने देखिन्छ।

उक्त बुदाँगत रुपमा रहेको कारणहरुमा जोड दिन सकेमा मन्दिर तथा प्राचिन स्मारकहरु एवम् पर्यटन क्षेत्रमा पनि पहुँच बढाउँन सकिने देखिन्छ।

## अनुसूची - एक

## अनुसन्धानको क्रममा सोधिएका प्रश्नावली

१. *ज्यौद्य:*को मूर्ति सिकाली संग कुन प्रकारको सम्बन्ध रहेको छ ?

२. *ज्यौद्य:*का देवता स्त्री हो या पुरुष हो ?

३. मूल देवता अगाडि यज्ञहोम कहिले प्रयोग गरिन्छ ? यसको महत्वता के रहेको छ ?

४. मन्दिरमा दुईवटा यज्ञहोम राख्नुको कारण के हो, बाहिरको यज्ञहोम गर्ने ठाउँ राख्नुको कारण के हो ?

५. आगन वरिपरिका प्रस्तर फलकहरुको विशेषता के रहेको छ?

६. *जन्मा: द्वार* भित्र के कस्तो संरचना रहेको छ ?

७. *धःज्या: जात्रा* कुन बेला र कति दिन सम्म मनाईन्छ ?

८. *धःज्या:* जात्रामा भ्यागुतालाई अन्न खुवाउनुको कारण के छ ?

९. *धःज्या:* जात्राको प्रमुख तीन दिन के कसरी मनाईन्छ ?

१०. *सू:ज्या:*को तेस्रो दिन के कसरी मनाईन्छ ?

११. *कुदेश*को विशेषता के छ ?

१२. *कुदेश* क्षेत्रमा पक्कि घर छ की छैन ?

१३. अहिलेको भग्न संरचनामा पहिला के थियो ?

# अनुसूची - दुई

## अन्तर्वार्तामा सोधिएका प्रश्न

१. बाजेहरुको पालामा कुदेशमा के कस्तो क्रिया कलापहरु भएको थियो भन्ने विषयमा के भनाई छ ?

२. उपल्लो खोकनामा बस्ति सराई भएको कति वर्ष भयो ?

३. अहिले उजाड भएको बस्तिमा तपाईहरुको पुर्खौली जग्गा जमिन छ की छैन ?

४. कुदेश बाट बस्ति सराई हुनुको कारण के रहेको छ ?

५. मंका खलः भनेको के हो ?

६. कुन प्रजातिको विशेष खलःको (समूह) बस्दछन् ?

७. मंका खलःको विशेषता के छ ?

८. मंका खलःमा के के रहन्छ ?

९. सिकाली मन्दिरमा त्रिशूल जस्तो आकृति (Symbol) किन बनाईन्छ ?

१०. त्रिशूल जस्तो आकृतिमा जनताहरुको धारणा के कस्तो रहेको छ ?

११. त्रिशूल जस्तो आकृतिको इतिहास कति पुरानो छ ?

१२. त्रिशूल जस्तो आकृति लिपि हो ?

१३. त्रिशूल जस्तो आकृति यस बस्तिमा मात्र कोर्ने गरिन्छ की, अन्य ठाउँ हरुमा पनि कोर्ने गरिन्छ?

१४. कुन कुन अवसरमा त्रिशूल जस्तो आकृति कोर्ने गरिन्छ? यो सिकाली मन्दिरमा मात्र कोर्ने हो?

## अनुसूची - तीन

## प्रश्नावलीमा सहभागी भएका व्यक्तिहरुको विवरण

| क्रः | नाम, थर (जाति) | लिः | ठेगाना | पेशा | प्रश्नावली गरिएको मिति | सं: नं |
|---|---|---|---|---|---|---|
| १ | महर्जन किरण (नेवार) | पुः | खोकना | सामाजिक,राजनैतिक, अभियान्ता तथा तगु गुठिका सदस्य । | २०७९/५/२२ | ९८६५५८५४८२ |
| २ | डंगोल रिशब (नेवार) | पुः | खोकना | | २०७९/५/२२ | ९८६०७७७७१२ |
| ३ | महर्जन निश्च (नेवार) | पुः | अग्निशाल | मंका खलका सदस्य, | २०७९/६/१६ | ९८४३८०२७२० |
| ४ | रविन्द्र डंगोल (नेवार) | पुः | खोकना | चित्रकला (कलाकार) | २०७९/६/१६ | ९८४९६२४३८५ |

# अनुसूची - चार

## अन्तर्वार्तामा सहभागी भएका व्यक्तिहरुको विवरण

| क्र: | नाम, थर (जाति) | लि: | ठेगाना | पेशा | अ: लि: मिति | सं: नं |
|---|---|---|---|---|---|---|
| १ | महर्जन किरण (नेवार) | पु: | खोकना | सामाजिक,राजनैतिक, अभियान्ता तथा तगु गुठिका सदस्य । | २०७९/३/१२<br>२०७९/४/५<br>२०७९/५/२२ | ९८६५५८५४८२ |
| २ | डंगोल रिशब (नेवार) | पु: | खोकना | | २०७९/३/१२ | ९८६०७७७७१२ |
| ३ | महर्जन निश्चल (नेवा।र) | पु: | अग्निशाल | मंका खलका सदस्य, | २०७९/६/७ | ९८४३८०२७२० |
| ४ | रविन्द्र डंगोल (नेवार) | पु: | खोकना | चित्रकला (कलाकार) | २०७९/०६/१२ | ९८४९६२४३८५ |
| ५ | सुदिन्न महर्जन (नेवार) | पु: | खोकना | हस्तकला | २०७९/०६/१६ | |
| ६ | टुयू डंगोल (नेवार) | पु: | खोकना | तगु गुठि सदस्य (गुठियार) | २०७९/०६/१६ | |
| ७ | अस्तेन्द्र महर्जन (नेवार) | पु: | खोकना | अनुसन्धानकर्ता (खोकना) | २०७९/०६/१६ | ९८४३४१०५३६ |
| | | | | | | |

## अनुसूची - पाँच

## सामुहिक छलफलमा सहभागी भएका व्यक्तिहरुको विवरण

| क्रः | नाम, थर (जाति) | लिः | ठेगाना | पेशा | सामुहिक छलफल गरिएको मिति | सं नं |
|---|---|---|---|---|---|---|
| १ | महर्जन किरण (नेवार) | पुः | खोकना | सामाजिक,राजनैतिक, अभियान्ता तथा तगु गुठिका सदस्य । | २०७९/६/१२ २०७९/७/२२ | ९८६५५८५४८२ |
| २ | महर्जन निश्चल (नेवार) | पुः | अग्निशाल | मंका खलका सदस्य, | २०७९/६/१२ २०७९/७/२२ | ९८४३८०२७२० |
| ३ | रविन्द्र डंगोल (नेवार) | पुः | खोकना | चित्रकला (कलाकार) | २०७९/०६/१२ | ९८४९६२४३८५ |
| ४ | सुदिन्न महर्जन (नेवार) | पुः | खोकना | हस्तकला | २०७९/०६/१२ | |
| ५ | टुयू डंगोल (नेवार) | पुः | खोकना | तगु गुठि सदस्य (गुठियार) | २०७९/७/२२ २०७९/६/१२ | |
| ६ | अस्तेन्द्र महर्जन (नेवार) | पुः | खोकना | व्यवसायक तथा अनुसन्धानकर्ता (खोकना) | २०७९/०६/१२ | ९८४३४१०५३६ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | दुर्गा महर्जन | मः | खोकना | स्थानीय बासिन्दा | २०७९/६/१२ | |
| ८ | बिनिता महर्जन | मः | खोकना | स्थानीय बासिन्दा | २०७९/६/१२<br>२०७९/७/२२ | |
| | | | | | | |

# सन्दर्भग्रन्थ सूची


अग्रवाल के.के (ई.सं.२०१५) *काली उपासना,* बुराडी, दिल्लीः मनोज पब्लिकेशन्स, जयमाया आँफसेट ।

आचार्य बलराम, (ई.सं २०१०) *समाजशास्त्र तथा मानवशास्त्रमा अनुसन्धान विधि,* काठमाडौंः नेशनल बुक सेन्टर ।

खतिवडा सोमप्रशाद, (ई.सं २०२२) *बौद्ध संस्कृति कोश,* पुतलीसडक, काठमाडौंः पैरवी बुक हाउस प्रा.लि ।

खनाल मोहनप्रसाद (सं. प्र.दो, ई.सं २०१८) *नेपाली मूर्तिकला (प्रारम्भिक देखि उत्तर-मध्य-काल सम्म)* भोटाहिटि, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

दाहल पेशल, खतिवडा सोमप्रसाद, (ई.सं २०००) *नेपालको कला र वास्तुकला,* भोटाहिटी, काठमाडौंः एम.के.पब्लिशर्स एण्ड डिष्ट्रीब्यूटर्स ।

पोखरेल निर्मला, (ई.सं.२०१९) *नेपाली संस्कृति* जर्नल, भाग १३, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय प्रेश ।

पोखरेल निर्मला, (ई.सं.२०२१) *नेपाली संस्कृति* जर्नल, भाग १४, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय, त्रिभुवन विश्वविद्यालय प्रेश ।

पोखरेल निर्मला, (ई.सं.२०२२) *पशुपति क्षेत्रका शाक्त कलाकृति* शोधपत्र, अप्रकाशित, कीर्तिपुरः नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रीय विभाग, त्रिभुवन विश्वविद्यालय ।

पौड्याल वीण, शर्मा डिल्लीराज र पोखरेल विवश गोपाल, (ई.सं २०२२) *नेपाल उपत्यकाका केही जात्रा* , प्रज्ञा छापाखाना कमलादी, काठमाडौंः नेपाल प्रज्ञा-प्रतिष्ठान।

बज्राचार्य धनवज्र (ई.सं १९७४) *लिच्छविकालका अभिलेख (अनुवाद, ऐतिहासिक व्याख्या सहित)* किर्तिपुरः नेपाल र एशियाली अनुसन्धान केन्द्र, त्रिभुवन विश्वविद्यालय ।

बज्राचार्य दुण्डबहादुर (ई.सं २०००) *दीघनिकाय (नेपाली भाषमा)* अनुवाद तथा सम्पादक, वीर-पुस्तक संग्रहलय, गाबहाल, ललितपुर-१८ : न्यू नेपाल प्रेस, नक्साल, काठमाडौं ।

शाक्य हेमराज, (ई.सं १९९४) *चैत्यया थःगु आत्मकथा संक्षीप्त परिचय,* (नेपाल भाषा) गाबहाल, ललितपुर : बाग्मती छापाखाना ।

श्रेष्ठ पदम (ई.सं २०११ ) *नेपाल जात्रा संस्कृति,* काठमाडौं : प्रिन्ट स्काई ।

श्रेष्ठ कल्पना, (ई.सं २०२१) *काठमाडौं उपत्यकाको सांस्कृतिक परम्परा,* डिल्लीबजार, काठमाडौंः सहारा प्रिन्ट कनेक्शन ।

क्षेत्री गणेश र रायमाझी रामचन्द्र (सं प्र.दो, ई.सं २००४) *नेपाली कला, वास्तुकला र प्रतिमा लक्षण,* बागबजार, काठमाडौं : एसिया पब्लिकेसन्स् ।

Korn Wolfgang, (Published 2019 A.D )*The Traditional Architecture Of The Kathmandu Valley*, Kathmandu, Ratna Pustak Bhandar .

Maitriya Ananda Balangoda, (First Published 1976 A.D) *The Suttanta–Pitaka DIGHA–NIKAYA Part II, With The Sinhalese Translation*, Sri–Lanka, Under The Patronage of The Republic of Sri Lanka.

Manandhar Supriya, Rai Devan, Maharjan Ashoj, (December.10.2018) *Khokana Cultural-Archaeological Intrest Sites on Large Scale Construction Project Routes*, Unpublished .

Buddha Jayanti Tripitaka Malawa. *Buddha Wansa:* Retrieved September 18, 2022, Fromhttps://www.thripitakaya.org/tipitakaya/Index/1012?s=23595

Khokana Jatra–2076 (Sikali Jatra): Oct, 26, 2019 . Retrieved September 5, 2022, (6909) Khokana jatra_2076(सिकालीजात्रा) - YouTube